# १ अध्याय

# शील सदाचार

## पाठ १

## पञ्चशील

### पञ्चशील के हो ?

शील भन्नाले सदाचार वा असल आचरणलाई जनाउँछ । शरीर र वचनले गरिने दुर्व्यवहार वा पापकर्मबाट अलग्ग रहन पालन गर्नुपर्ने नियमहरू नै शील हुन् । शील पालन गर्नाले मानिस चरित्रवान हुन्छ । पञ्चशील पाँचवटा नियमहरू हुन् जुन हरेक मानिसले अनिवार्य रूपले पालना गर्नुपर्दछ ।

पञ्चशील पालना गर्ने व्यक्तिले निम्न प्रकारले वाचा गरी सोही अनुसार पालन गर्नुपर्छ :




१. म प्राणी हिंसा नगर्ने शीलको पालन गर्नेछु.
२ म चोरी नगर्ने शीलको पालन गर्नेछु. ।
३. म व्यभिचार नगर्ने शीलको पालन गर्नेछु. ।
४. म झूठो नबोल्ने शीलको पालन गर्नेछु.।
५. म जाँड रक्सी सेवन नगर्ने शीलको पालन गर्नेछु.।

### शील पालन गर्दा के-के फाइदा हुन्छ ?

- शील पालन गर्ने व्यक्तिको शरीर, वचन र मन शुद्ध हुन्छ ।
- शील पालन गर्ने व्यक्ति सुखी हुन्छ ।
- शील पालन गर्ने व्यक्तिलाई अरूले घृणा गर्दैनन् ।

- शीलयुक्त व्यक्ति नै पूर्ण मान्छे हुन्छ ।
- शील पालन गर्ने व्यक्ति सबैको प्रिय मित्र हुन्छ ।
- राम्रो वा असल कामको आधार नै शील हो ।

**शील पालना नगर्नाले के–के बेफाइदा हुन्छ ?**

- शील पालन नगर्ने व्यक्ति निर्दयी र क्रूर  हुन्छ ।
- शील पालन नगर्ने व्यक्ति अपराधी हुन पुग्छ ।
- शील पालन नगर्ने व्यक्तिलाई कसैले पनि मन पराउँदैन ।
- शील पालन नगर्ने मानिस आफू र अरूका निम्ति समेत समस्याका कारक बन्न पुग्छ ।
- शील पालन नगर्ने व्यक्ति धार्मिक हुन सक्दैन ।
- शील पालन नगर्ने व्यक्तिसँग असल मानिसहरूले संगत गर्न चाहँदैनन् ।

माथि उल्लेख गरिएका प्राणी हिंसा नगर्ने, चोरी नगर्ने, व्यभिचार नगर्ने, झूठो नबोल्ने, जाँड रक्सी सेवन नगर्ने नियमहरू असल मानिस बनाउनका लागि बनाइएका आधार हुन् । २६०० वर्ष अगाडि हाम्रै देश नेपालमा जन्मनुभएका महामानव, राष्ट्रिय विभूति भगवान् गौतम बुद्धले यी शील सम्बन्धी उपदेश दिनुभएको हो ।

## पञ्चशील प्रार्थना गर्ने विधि (पालि अर्थसहित) :

**उपासकोपासिका -** **ओकास द्वारत्तयेन कतं सब्बं अपराधं खमथ मे भन्ते !** *(तीनपल्ट)*
*भन्ते, मैले काय, वाक् र चित्त तीन द्वारबाट केही अपराध गरेको भए, ती सबै कृपापूर्वक क्षमा गरिदिनु होला । (तीन पटक भन्ने)*

**भन्ते -** **आयु-आरोग्य-सम्पत्ति, सग्ग-सम्पत्तिमेव च ।**
**अथ निब्बान-सम्पत्ति, इमिना ते समिज्झतु ॥**
*यस (पुण्य) बाट तपाईलाई आयु, आरोग्य सम्पत्ति, स्वर्ग सम्पत्ति र निर्वाण सम्पत्ति लाभ होस् ।*

**उपासकोपासिका -** **साधु ! साधु !! साधु !!!**
**अहं भन्ते तिसरणेन सह पञ्चसीलं धम्मं याचामि,**
**अनुग्गहं कत्वा सीलं देथ मे भन्ते ।**
**दुतियम्पि.........। ततियम्पि..........।**
*भन्ते, म त्रिशरण सहित पञ्चशीलको शिक्षा (धर्म) माग्दछु, कृपागरी मलाई शील दिनुहोस् ।*
*भन्ते, दोस्रोबार पनि ...... । भन्ते तेस्रो बार पनि ........ ।*

**भन्ते -** **यमहं वदामि तं वदेथ ।**
*मैले भने जस्तै तिमीहरूले पनि भन ।*

**उपासकोपासिका -** **आम भन्ते**
*हुन्छ, हवस् भन्ते !*

**नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स ।**
*वहाँ भगवान् अरहत् सम्यक् सम्बुद्धलाई नमस्कार । (तीन पल्ट भन्ने)*

**बुद्धं सरणं गच्छामि ।**
**धम्मं सरणं गच्छामि ।**
**सघं सरणं गच्छामि ।**

**दुतियम्पि बुद्धं सरणं गच्छामि ।**

**दुतियम्पि धम्मं सरणं गच्छामि ।**
**दुतियम्पि संघं सरणं गच्छामि ।**

**ततियम्पि बुद्धं सरणं गच्छामि ।**
**ततियम्पि धम्मं सरणं गच्छामि ।**
**ततियम्पि संघं सरणं गच्छामि ।**

*(म) बुद्धको शरणमा जान्छु ।*
*(म) धर्मको शरणमा जान्छु ।*
*(म) संघको शरणमा जान्छु ।*

*दोश्रोपटक पनि (म) बुद्धको शरणमा जान्छु ।*
*दोश्रोपटक पनि (म) धर्मको शरणमा जान्छु ।*
*दोश्रोपटक पनि (म) संघको शरणमा जान्छु ।*

*तेश्रोपटक पनि (म) बुद्धको शरणमा जान्छु ।*
*तेश्रोपटक पनि (म) धर्मको शरणमा जान्छु ।*
*तेश्रोपटक पनि (म) संघको शरणमा जान्छु ।*

**भन्ते** - **सरणगमनं परिपुण्णं ।**
*त्रिशरण जाने पूर्ण भयो, सकियो ।*

**उपासकोपासिका -** **आम भन्ते ।**
*हवस् भन्ते ।*

१. **पाणातिपाता वेरमणी सिक्खापदं समादियामि ।**
*(मैले) प्राणीघात नगर्ने शील (शिक्षा) राम्रोसँग पालन (ग्रहण) गर्दछु ।*

२. **अदिन्नादाना वेरमणी सिक्खापदं समादियामि ।**
*(मैले) चोरी नगर्ने (नदिइकन नलिने) शील (शिक्षा) राम्रोसँग पालन गर्दछु ।*

३. **कामेसु मिच्छाचारा वेरमणी सिक्खापदं समादियामि ।**
*(मैले) परस्त्री र परपुरूष गमन नगर्ने (शील) (शिक्षा) राम्रोसँग पालन गर्दछु ।*

४. **मुसावादा वेरमणी सिक्खापदं समादियामि ।**
*(मैले) झूठ नबोल्ने शील (शिक्षा) राम्रोसँग पालन गर्दछु ।*

**५. सुरा-मेरय-मज्ज-पमादट्ठाना वेरमणी सिक्खापदं समादियामि ।**
*(मैले) प्रमादका कारण भएका रक्सी, जाँड, आदि नशालु पदार्थ सेवन नगर्ने शील (शिक्षा) राम्रोसँग पालन गर्दछु ।*

**उपासकोपासिका - आम भन्ते ।**
*हवस् भन्ते ।*

**भन्ते - तिसरणेन सह पञ्चसीलं धम्मं साधुकं सुरक्खितं कत्वा अप्पमादेन सम्पादेथ**
*त्रिशरण सहित पञ्चशील धर्मलाई राम्ररी सुरक्षित गरी अप्रमादपूर्वक पालन गर ।*

**उपासकोपासिका - आम भन्ते ।**
*हवस् भन्ते ।*

**शब्दार्थः**

दुर्व्यवहार : खराव व्यवहार र आचरण

चरित्रवान : असल बानि व्यवहार, आचरण गर्ने तथा गलत कार्य नगर्ने व्यक्ति

हिंसा : काटमार

व्यभिचार : आफ्नो पति वा पत्नी बाहेक अरुसंग सम्बन्ध राख्ने आचरण

घृणा : छिः छिः वा निन्दा गर्ने काम

निर्दयी : मनमा अरु प्रति दया नभएको

क्रुर : दया भाव नभएको, हिंसा भाव भएको

अपराधी : समाजले यो काम गर्न हुदैन भने पनि त्यस्तो काम गर्ने मानिस

महामानव : सामान्य भन्दा धेरै नै उच्च चरित्र र शक्ति भएको मानिस

## अभ्यास

**१. प्रश्नको उत्तर दिनुहोस् ।**

क. पञ्चशील भनेको के हो ?

ख. शील पालन गर्दा कस्ता फाईदा हुन्छन् लेख्नुहोस् ?

ग. शील पालना नगर्नाले के कस्ता बेफाईदा हुन्छन् लेख्नुहोस् ?

घ. तपाइँको आफ्नै घर परिवार वा छिमेकी वा नजिकको ठाउँमा शील पालन गर्न नसक्दा भएको कुनै एउटा नराम्रो घटनाबारेमा वर्णन गर्नुहोस् ।

**२. तल दिइएका मध्ये एउटा छानी खाली ठाउँमा भर्नुहोस्।**

१. चोरी नगर्ने शील पञ्चशीलको ............. शील हो ।

क) दोस्रो    ख) तेस्रो    ग) चौंथो    घ) पाँचौं

२. शील पालन गर्ने व्यक्तिको ..........शुद्ध हुन्छ ।

क) शरीर    ख) वचन    ग) मन    घ) शरीर र वचन

३. शील पालन नगर्ने व्यक्ति .............  हुन्छन् ।

क) निर्दयी र  क्रोधी    ख) धार्मिक    ग) प्रिय    घ) धनी

४. शील पालन गर्ने व्यक्ति .............. हुन्छ ।

क) दु:खी    ख) सुखी    ग) अप्रिय    घ) घृणाको पात्र

## पाठ २

# कर्तव्य धर्म

### आमाबुवाको सेवा

हामीलाई हाम्रो आमाबुवाले नै जन्म दिने, रक्षा गर्ने र पालन पोषण गर्ने गर्नुहुन्छ। त्यस्तै दुःख-सुखमा हामीसंगै बस्दै मद्दत, उद्धार र रक्षा गर्नुहुन्छ त्यसैले आमाबुवा नै हाम्रो लागि आरक्षक देवताहरू हुन्। आफू बालक छँदा, पछि जवान भएर आफैं बच्चाबच्चीको आमा बुवा भइसक्दा पनि हाम्रो आमाबुवाको लागि हामी सधैं साना छोरा-छोरीहरू नै हुन्छौं।

छोरा-छोरीहरूका लागि आमाबुवा सूर्य समान हुन्छन्। सूर्यको किरणले सम्पूर्ण विश्वमा अन्धकार हटाएर उज्यालो दिइरहेको हुन्छ। यस विश्वमा जीवको लागि सूर्य उपकारी हुन्छ। सूर्य नभएको खण्डमा यो लोक पनि हुँदैन। सूर्य पूर्व दिशाबाट उदाउँछ, त्यसैले छोराछोरीहरूका लागि आमाबुवा पनि सूर्य समान हुन्छन्। उनीहरूले आफ्नो जीवन समेत ख्याल नगरी छोराछोरीहरूको रक्षा गर्दछन्। आमाबुवा नै सन्तानका लागि पहिलो गुरु हुन्छन्।

भगवान् बुद्धले छोराछोरीका लागि आफ्नो आमाबुवा ब्रह्मासमान हुन् भनी भन्नुभएको छ। मैत्री, करुणा, मुदिता र उपेक्षा यी चार ब्रह्म विहार आमाबुवाहरूमा हुन्छ। आमाबुवाले मैत्रीपूर्वक सन्तानहरूको पालनपोषण गर्दछन्, छोरा-छोरीहरूको सुख दुःखमा साथ दिन्छन्।

मैत्री : मैत्री भनेको भित्रि मनदेखि अरुको सुख चाहनु हो।

करुणा : अरुको दुःख देखेर दुःखी हुनु र अनुकम्पा राखी र दयापूर्वक मद्दत गर्नु हो।

मुदिता : अरुको हित, सुख देखेर डाहा नगरी खुशी हुनु हो।

उपेक्षा : मध्यस्थ भाव हो, मध्यस्थ भावले विचार गरेर क्रिया गर्नु हो।

यी गुणहरू छोराछोरीप्रति आमाबुवाहरूमा हुने गुण हुन्।

सन्तानको प्रगतिको लागि नै आमाबुवाले मेहनत गर्छन्, आफ्नो पूर्ण जीवन त्यसैको लागि लगाउँछन्। त्यसैले छोराछोरीहरूले आफ्नो आमाबुवालाई गौरव, मान-सम्मान, आदर सत्कार गर्नुपर्छ। उनीहरूको हरेक कार्यमा सहयोग गर्नुपर्छ, मैत्रीपूर्वक सेवा गर्नुपर्छ,

दण्डवत् अथवा नमस्कार गर्नुपर्छ। हामीले जति उपकार आमाबुवाप्रति गरेतापनि आमाबुवाले हामीप्रति गरेको कर्तव्यको ऋणबाट हामी मुक्त हुन सक्दैनौं ।

सबै मानिसहरूले आमाकै कोखबाट जन्म लिएका हुन्छन्। आमाबुवाबाट माया, रक्षा र पालनपोषण पाउँदछन्। आमाबुवाले जस्तो माया अरु कसैले गर्दैन, त्यस्तै आमाबुवाले जसरी रक्षा अरु कसैले गर्दैनन् । छोराछोरीको हरेक दुःखहरू आमाबुवाले पनि महशुस गर्छन् । त्यसैले छोराछोरीको भोक समेत आमाबुवालाई महशुस हुन्छ । आफू भोकै बसेर पनि आमाबुवाले छोराछोरीको भोक मेटाउँछन्, त्यसैले सिगालोवाद सूत्र अनुसार अनन्त गुणले युक्त हुने आमाबुवाहरूले छोराछोरीहरूप्रति मुख्यतया पाँच प्रकारका धर्म कर्तव्य पूर्ण गरेका हुन्छन् :



१. खराब बानी व्यहोरा गर्न दिँदैनन्;

२. राम्रो असल काम कुरामा लगाउँछन्;

३. शिल्प शास्त्रको शिक्षा दिलाउँछन्;

४. समयमा विभिन्न संस्कारहरु सम्पन्न गरिदिन्छन्; र

५. आवश्यकता अनुसार खर्चहरू टारिदिन्छन् ।

यसरी उपकार गर्नु हुने आमाबुवाप्रति छोराछोरीहरूले पनि पाँच प्रकारका कर्तव्यहरू पूरा गर्नुपर्छ, जुन निम्नानुसार रहेको छ :

१. सेवा टहल गर्नुपर्छ;

२. सम्पूर्ण आवश्यकताहरू पूरा गरिदिनुपर्छ;

३. कुल परम्पराको रक्षा गर्नुपर्छ;

४. अंश लिन योग्य हुनुपर्छ र अंशको रक्षा गर्नुपर्छ; र

५. परलोक भइसकेका आमाबुवाको नाममा पुण्य कार्यहरू गर्नुपर्छ ।

यस प्रकारले आमाबुवाले छोराछोरीहरूप्रति आफ्नो कर्तव्य पूरा गर्नुपर्छ भने अर्कोतर्फ छोरा छोरीहरूले पनि आमाबुवाप्रति आफ्नो कर्तव्य पालन गर्नुपर्दछ । यसरी आमाबुवाले आफ्ना छोराछोरीहरूलाई दया-मायापूर्वक हुर्काउँछन् भने छोराछोरीहरूले पनि आफ्नो आमाबुवाहरूलाई आदर, गौरव, सम्मान र हेरविचार गर्नुपर्दछ ।

## शिष्यप्रति गुरुको कर्तव्य

हामी यो संसारमा जन्म लिएको दिनदेखि अन्तिम सासस‌म्म पनि केही न केही कुराहरू सिकिरहेका हुन्छौं । पढी, सुनी, हेरी, वा विचार गरी केही न केही आफ्नो जीवनमा अभ्यास पनि गरिरहेका हुन्छौं । त्यसैले शिल्प सिक्ने उमेरमा हामी विद्यालय जान्छौं । विद्यालयमा गुरुहरू हाम्रा मार्गदर्शक हुन्छन् । हामीलाई जस्तै यस लोकका सबैलाई आफ्नो कार्य पूर्णरूपले सम्पन्न गर्न गुरुहरू चाहिन्छ । गुरुले शिष्यको हरेक गतिविधिमा ध्यान दिने गर्दछन् । उनले शिष्यलाई विषयबद्ध कुराहरू मात्र नभई खाने पिउने तौर तरिका, चरित्रवान् बन्ने तरिका सिकाउँछन् । त्यस्तै विघ्न-बाधाहरू हटाई कसरी आफ्नो जीवन सफल बनाउने भनी गुरुले सिकाउँछन् । शिष्यहरूबाट हुने प्रमादी दोषहरूलाई उनले माफी पनि दिन्छन् । त्यस्तै शिष्यहरू असल मार्गमा लैजाने काम पनि गुरुबाट नै हुन्छ । यसरी गुरुले आफ्ना शिष्यहरूको लागि ठूलो कर्तव्य र जिम्मेवारी लिएका हुन्छन् । जसरी हाम्रा आफ्ना आमाबुवा छोराछोरीको अभिवृद्धिको लागि रातदिन मेहेनत गर्दछन्, त्यसरी नै हरेक गुरुले पनि शिष्यको प्रगतिको लागि मेहेनत गर्दछन् ।

गुरुजनले शिष्यहरूप्रति पाँच प्रकारले आफ्नो कर्तव्य निभाउने गर्दछन् ।

१. राम्ररी अनुशासित गर्नु;

२. राम्ररी शिक्षा दिनु;

३. सबै शिल्प सिकाउनु;

४. शिष्यहरूको प्रशंसा गर्नु; र

५. आरक्षा गर्नु ।



### १. राम्ररी अनुशासित गर्नु

गुरुहरूले हामीलाई राम्रो आचरण गर्न सिकाउँछन् । समाजमा व्यवहार गर्न योग्य र गर्न अयोग्य कुराहरू बताइदिन्छन् । गुरुहरूले शिष्यलाई शिल्प शास्त्र र गुण धर्महरू सिकाउन धेरै परिश्रम गर्दछन् । कडा अनुशासन नभईकन प्राप्त गर्ने अध्ययन-अध्यापनबाट कुनै प्रयोजन नहुने हुनाले उहाँहरूले हामीलाई राम्रो अनुशासनमा राख्ने गर्दछन् । अनुशासन सिकाउनको लागि गुरुले मायाका साथ उपदेश दिने गर्दछन् भने कहिलेकहिँ दण्ड स्वरूप गाली गरेर पनि हामीलाई सही मार्गमा ल्याउन कोशिस गर्दछन् ।

### २. राम्ररी शिक्षा दिनु :

गुरुहरू निरन्तर आफ्ना विद्यार्थीहरूका लागि अध्यापन कार्यमा खटेर काम गर्दछन् । कसरी सिकाउने र विद्यार्थीहरू कसरी सिकिरहेका छन् भनी जानकारी लिई विद्यार्थीहरूलाई नियमित रूपमा सिकाउने गर्दछन् । कठिन विषयहरू पनि अति सरल तरिकाले सिकाउने गर्दछन् । यसको लागि गुरुहरूले कडा परिश्रम गर्ने गर्दछन् ।

### ३. सबै शिल्प सिकाउनु

गुरुले आफ्ना विद्यार्थीहरूलाई निश्चित समयमा सिकाउनु पर्ने सबै शिल्पहरू सिकाउने गर्दछन् । शिल्प सिकाउनेमा कन्जुसी गरी कम सिकाउने गर्दैनन् । जहिल्यै पनि आफ्नो शिष्यहरू आफू भन्दा धेरै सिकुन् भन्ने चाहना राख्दछन् । गुरुहरूले आफ्ना शिष्यहरू आफूभन्दा सक्षम बनुन् भन्ने चाहना राख्दछन् ।

### ४. शिष्यहरूको प्रशंसा गर्ने

गुरुहरूले आफ्नो विद्यार्थीहरूको उनीहरूकै साथीहरू अगाडि प्रशंसा गरी परिचय गराइदिने गर्दछन् । यो गुरुहरूको राम्रो बानी हो । शिक्षासंगसंगै शिष्यलाई सामाजिक जीवन जीउन सिकाउने गर्दछन् । त्यसबाट शिष्यको क्षमता अभिवृद्धि हुने हुन्छ । गुरुबाट बाहिरी समाजको बारेमा अववोध गर्ने मौका पाउनु शिष्यको निम्ति ठूलो भाग्य हो । यसबाट विद्यार्थी र गुरुको  मित्रभाव वृद्धि हुने गर्दछ ।

### ५. आरक्षा

गुरुहरूले आफ्ना विद्यार्थीहरूलाई आउने अनेक दुःख-बाधाहरूबाट बचाउने कार्य पनि गर्दछन् । विद्यार्थीहरूमाथि आउन सक्ने विध्न बाधाहरू पहिले नै थाहा पाई यस्ता विपत्तिहरूबाट बचाउने कार्य पनि उनीहरूले गर्ने गर्दछन् ।

## गुरुप्रति शिष्यको कर्तव्य

यसरी शिष्यको अभिवृद्धिका लागि दिन रात मेहेनत गर्ने गुरुहरूप्रति शिष्यले पनि आफ्नो कर्तव्य के-के हुन् भनी राम्ररी जान्नु पर्दछ । यसले गुरु र शिष्यको सम्बन्ध अझ राम्रो गर्नको लागि मद्दत गर्नेछ । सिगालोवाद सूत्र अनुसार शिष्यहरूले गुरूप्रति पाँच प्रकारले कर्तव्य निभाउनु पर्दछ ।

१. आसनबाट उठ्ने;
२. आवश्यक सेवा टहल गर्ने;
३. उपदेश राम्ररी सुन्ने र पालन गर्ने;
४. नित्य कार्य गर्न सहयोग गर्ने; र
५. राम्ररी शिक्षा लिने ।

### १. आसनबाट उठ्ने

सानैदेखि शिक्षा दिने गुरुलाई गौरव राख्नुपर्दछ। गुरुहरू अगाडि देख्ने बेला गौरव राखेर आफ्नो आसनबाट उठ्नु पर्दछ। कक्षामा गुरुहरू आउनेबेलामा आसनबाट उठेर आचरण गर्नु शिष्यको राम्रो लक्षण हो । त्यस्तै एउटै सवारी साधनमा संगै गइरहेको अवस्थामा पनि गुरुहरू भेटेमा उठेर आफ्नो आसन उहाँहरूलाई दिनु असल विद्यार्थीको लक्षण हो ।

### २. आवश्यक सेवा टहल गर्ने

गुरुको आवश्यक सेवा टहल गर्नु विद्यार्थीको महत्वपूर्ण कर्तव्य हो । परापूर्वकालमा गुरुकै आश्रममा बसी अध्ययन कार्य हुने गर्थ्यो । शिष्यहरूले गुरुको सेवा गरी उपस्थान गर्ने गर्दथे । गुरुले पनि आफ्ना सबै कर्तव्य पूरा गर्नुहुन्थ्यो । अहिले विद्यार्थी कुनै निश्चित समयमा विद्यालय गई अध्ययन गर्ने गर्दछन् । विद्यालयमा अध्ययन गर्ने समयमा पनि विद्यार्थीले गुरुलाई मद्दत गर्न सक्छन् । पढाउँदै गर्दा तिर्खा मेटाउन पानी दिनु पनि उपस्थान गर्नु हो । विश्राम अर्थात् सेवा निवृत्ति पछि पनि गुरुहरूलाई भुल्नु हुँदैन । वृद्ध वा बिरामी गुरुहरूलाई मद्दत गर्नुपर्दछ। पढाइ पुरा गरेर धन आर्जन गर्न थालेपछि “मलाई यहाँसम्म पुग्नको लागि बाटो देखाउनु हुने गुरुहरू” भनी उहाँहरूलाई आवश्यक परेको बेला मद्दत गर्नु असल विद्यार्थीको कर्तव्य हो ।

### ३. उपदेश राम्ररी सुन्ने र पालन गर्ने

गुरुहरूको लागि शिष्यले गर्नसक्ने, गर्नुपर्ने सबैभन्दा ठूलो कर्तव्य भनेको राम्ररी उपदेश सुन्नु हो । गुरुहरूले पढाउँदा आफ्ना विद्यार्थीहरूले राम्ररी सुनुन् भन्ने चाहन्छन् र सुनेर बुझेर अभ्यास गर्नेछन् भन्ने आशा गर्दछन्। त्यसैले असल विद्यार्थीहरू गुरुले पढाउँदा राम्ररी ध्यान दिएर सुन्ने गर्दछन् । ध्यान दिएर नसुनेको खण्डमा पढाएका कुराहरू बुझ्न सक्दैन । सिकेका कुराहरूलाई जीवनमा अभ्यास तथा पालन पनि गर्नुपर्दछ ।

## ४. नित्य कार्यमा सहयोग

गुरुकुलमा अध्ययन गर्दाको समयकालमा गुरुको दैनिक कार्यहरू सम्पन्न गरि सेवा गरिदिनु शिष्यको दैनिक कार्य मानिन्थ्यो । त्यसैले अहिले पनि शिल्प दिनुहुने गुरुको लागि शिष्यले गर्न सक्ने कार्यहरू छन् भने तिनलाई पूरा गर्नु पर्दछ । पछि आफू पेशागत काम गर्न योग्य भएपछि गुरुहरूलाई केही कार्यमा मद्दत गर्न सकिन्छ भने ती कार्यहरू पनि शिष्यले अनिवार्य रूपले सम्पन्न गरिदिनुपर्दछ ।

## ५. राम्ररी शिक्षा लिने

गुरुले मेहनत गरेर विषयगत शिक्षाहरू शिष्यहरूलाई सिकाउने प्रयास गर्दछन्, त्यसरी नै आफूबाट शिष्यहरूले राम्ररी सिकून् भन्ने चाहना पनि राख्दछन् । शिष्यको रूपमा त्यस्ता शिक्षाहरू ग्रहण गर्नु मूख्य कर्तव्य हो । राम्ररी पढ्ने शिष्यहरूलाई गुरुहरूले मायाले व्यवहार गर्ने गर्दछन् ।

यी मुख्य कर्तव्यहरू राम्ररी ग्रहण गरेर गुरुको चित्त बुझ्ने तरिकाले शिष्यले आफ्नो कार्य गर्ने गर्नुपर्दछ । समयमै विद्यालयमा आउनु, विद्यालय सफा राख्नु, गुरुहरूप्रति आज्ञाकारी हुनु, ध्यान दिएर पढ्नु र गौरव राखेर अध्ययन कार्यमा लाग्नु असल शिष्यको कर्तव्य भित्र पर्दछ । विद्यालयभित्र मात्र नभई उहाँहरू भेट्ने कुनै पनि अवस्थामा वहाँहरुप्रति गौरव गर्नुपर्दछ । गुरुलाई गौरव गर्दा कक्षामा आफूलाई पढाउने गुरुहरू मात्र गौरव राख्ने होइन, आफूलाई नपढाउने भएपनि आफ्नो विद्यालयका अन्य गुरुहरूप्रति पनि गौरव राख्नुपर्छ । अध्ययन समाप्त भएपछि जस्तोसुकै व्यवसाय गरेतापनि शिष्यले आफूलाई शिक्षा दिनुहुने गुरुहरूलाई भुल्नु हुँदैन ; किनकि शिष्यलाई ती सबै सफलता हाँसिल गर्नको लागि मूख्य मार्गदर्शक भनेको गुरुहरू नै हुन्छन् ।

**शब्दार्थः**

| | | |
|---|---|---|
| पालनपोषण | : | माया र हेरचाह |
| आरक्षक | : | रक्षा गर्ने मानिस |
| दण्डवत | : | शीर हात खुट्टाले एकैसाथ ढोग्नु |
| शिष्य | : | नयाँ ज्ञान र सीप लिने व्यक्ति |
| शिल्प | : | कुनै काम गर्ने सीप |
| अध्ययन | : | जान्नु, सिक्नु |
| अध्यापन | : | ज्ञान दिनु, सिकाउनु |

अनुशासन : सहि काममा लगाउने नियम
मार्गदर्शन : बाटो देखाउने
मध्यस्थ : दुई जना बीच समझदारी गराउने व्यक्ति

## अभ्यास

**१. प्रश्नको उत्तर दिनुहोस् ।**

क. छोराछोरीप्रति आमाबुवाको कर्तव्य के के हुन् ?

ख. आमाबुवाले छोराछोरीलाई कसरी उपकार गर्छन् ?आमाबुवालाई खुशी पार्न तपाइँ के के गर्नुहुन्छ?

ग. आमाबुवाको बारेमा गीत, कविता वा अरु कुनै रचना लेख्नुहोस् ।

घ. आमाबुवाको चित्र बनाउनुहोस् ।

ङ. चार ब्रह्मविहारबारे लेख्नुहोस् ।

**२. खाली ठाउँ भर्नुहोस् ।**

क. आमाबुवा नै हाम्रो लागि ............. देवताहरू हुनुहुन्छ ।

ख. चार ब्रह्मविहार ........................आमाबुवाहरूमा हुने गुण हो ।

ग. छोराछोरीको हरेक दुःख आमाबुवाले पनि ................ गर्छन् ।

घ. आमाबुवाप्रति छोराछोरीहरूले ......... प्रकारका कर्तव्यहरू पूरा गर्नुपर्छ ।

ङ. छोराछोरीले कुल परम्पराको ................ गर्नुपर्छ ।

**३. तल दिएका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क. आचार्यहरूले शिष्यहरूलाई गर्नुपर्ने कर्तव्यहरू लेख्नुहोस् ।

ख. विद्यार्थीहरूले आचार्यहरूलाई गर्नुपर्ने कर्तव्यहरू लेख्नुहोस् ।

**४. खाली ठाउँ भर्नुहोस् ।**

क. गुरुले शिष्यलाई ........ शास्त्र र ................हरू सिकाउँछन् ।

ख. गुरुले शिष्यलाई आफूभन्दा ............. सिकाउन चाहन्छन् ।

ग. सानै देखि नै शिक्षा दिने गुरुहरूलाई ................ राख्नुपर्छ ।

घ. विद्यार्थीले गुरूप्रति पूरा गर्नुपर्ने कर्तव्य ............. प्रकारका छन् ।

## पाठ ३

# शील सदाचार सम्बन्धी कथा

### १. बालक र गंगटो




एकदिन भगवान् बुद्ध धानको खेततिरको बाटोमा हिँडिरहनु भएको थियो। त्यहाँ बालकहरूको एकसमूह हाँसी खेली गरिरहेका थिए। तिनीहरूको नजिक पुगेपछि भगवान् बुद्धले देख्नुभयो तिनीहरूले गंगटोलाई समाती सास्ति दिइरहेका थिए। एउटा बच्चाले गंगटोको हातखुट्टा च्याती च्याती फ्याँकिराखेको थियो भने अरू बच्चाहरू हाँसी हाँसी हेरीरहेका थिए। उनीहरूले एउटा गंगटोलाई टुक्रा–टुक्रा गरेर धानको खेतमा फ्याँकेपछि फेरि अर्को गंगटो खोजेर ल्याई त्यस्तै सास्ति गर्न लागे।

भगवान् बुद्धले अत्यन्त करूणापूर्वक बालकहरूसँग सोध्नु भयो – "बालकहरू ! यदि कसैले तिमीहरूको हातखुट्टा भाँचिदिएको भए तिमीहरूलाई कति दुख्थ्यो, पीडा हुन्थ्यो, हो कि होइन ? गंगटोलाई पनि त्यति नै पीडा हुन्छ। गंगटोको पनि आमाबुबा, भाइ–बहिनी छन् जसरी तिमीहरूको। सबै प्राणी आफ्नो सुख र सुरक्षा चाहन्छन्। कोही पनि प्राणी मर्न चाहँदैनन्, दुःखी हुन चाहँदैनन्। सबै प्राणीहरूको बाँच्ने अधिकार हुन्छ। हामीले अरूको जीवनको सुरक्षा गर्नु र अरूलाई सुख दिन तत्पर रहनुपर्छ।"

भगवान् बुद्धको उपदेश सुनेर बच्चाहरूले ज्ञान पाए। उनीहरूले आफूले गरेको काम गलत भनेर बुझे। गल्ती स्वीकार गरी मार्न लागेको गंगटोलाई मुक्त गरिदिए र अबदेखि त्यस्तो काम नगर्ने अठोट पनि गरे।

त्यसपछि भगवान् बुद्धले ती गंगटोप्रति र अन्य सबै प्राणीहरूप्रति मैत्री र करूणा जगाउने प्रेरणा दिनुभयो । यसरी यस कथाले सबै प्राणीलाई माया गर्नुपर्छ, सास्ति गर्नु हुँदैन भनेर शिक्षा दिन्छ ।



## २. बलिको बोका

पहिला एक समयमा बनारस देशमा त्रिवेदले पारंगत भएको एकजना ब्राह्मण थिए । एकदिन श्राद्धमा बलि दिनलाई भनी उनले एउटा बोको दिएर आफ्नो शिष्यलाई भन्यो "यो बोकालाई लगेर नदीमा नुहाई यसको सिंगमा पाँच औंलाले रंग चिन्ह लगाई फूलको माला लगाएर ल्याउ "

शिष्यले बोकोलाई लगेर नदीमा नुहाएपछि घाममा एकछिन राख्यो । त्यतिबेला कसै गरी बोकोलाई आफ्नो पूर्वजन्महरूको सबै स्मरण आएछ । "अहो आज त म मुक्त हुने भएँ" भनी त्यो बोको हर्षित भयो । त्यसपछि "यो ब्राह्मणले मलाई मार्छ, मलाई मारेपछि यसले पनि मैले जस्तै ठूलो दुःख भोग्नुपर्नेछ" भनी ब्राह्मणप्रति करुणा राखी मन अत्यन्त दुःखी भई रोयो ।

बोको हाँसेको र रोएको देखी शिष्यले अचम्म मानी सोध्यो "हे बोको, तिमी किन हाँस्यौ, फेरि किन रोयौ ?"

बोकोले भन्यो "भो ब्राह्मण, तिमीलाई यो कुरा जान्न मन लाग्छ भने मलाई तिम्रा गुरुकहाँ लग ।"

शिष्यले बोकोलाई आफ्ना गुरुकहाँ लगेर भएका जति कुरा सुनायो । ब्राह्मणले पनि बोकोसँग ऊनी हाँसेको र रोएको कारण सोध्यो ।

बोकोले भन्यो "भो ब्राह्मण, म पनि पहिला तिमी जस्तै मन्त्र पढ्ने ब्राह्मण भएर जन्मेको थिएँ । एकदिन मैले पनि श्राद्ध गर्छु भनी एउटा बोको काटें । त्यही पापको विपाकले

म ४९९ वटा जन्मसम्म आफ्नो टाउको अरुको हातले छिनाएर पापको फल भोग गरेर आइसकेँ । "अब यो मेरो अन्तिम जन्म हो, अबदेखि मेरो पाप कट्यो" भनी म हाँसेको हुँ । तर मलाई आज मारेपछि तिमीले पनि त्यसरी नै दुःख भोग गर्नुपर्नेछ भनी मन थाम्न नसकी रोएको हुँ ।"

ब्राह्मणले भन्यो "उसो भए म तिमीलाई मार्दिन । तिम्रो रक्षाको निम्ति म र मेरा शिष्यहरू तिम्रो पछि-पछि लाग्छौं"

बोकोले भन्यो "तिमीले मेरो लागि गर्ने सुरक्षाभन्दा मेरो पापको फल भारि छ। तिमीले मेरो रक्षा गर्न सक्तैनौ ।"

बोकोलाई सुरक्षा दिन शिष्यहरूसँगै ब्राह्मण पछि-पछि लागिरहे । यस्तैमा एकदिन बोको घाँस खाइरहेको थियो । त्यस ठाउँमा ठूलो चटयाङ परेर त्यहाँ भएको एउटा ठूलो ढुंगा चर्किएर फुट्यो । ढुंगाको एउटा धारिलो टुक्रा उछिट्टिएर ठ्याक्कै बोकोको गर्धनमा परी छ्याप्प गर्धन काटियो ।

यसप्रकार बोकोले प्राणीहिंसा गरेको पापको फल भोग्नु पर्‍यो ।



## ३. शीलवान भिक्षु

कुनै समयमा एकजना भिक्षु थिए । उनी सधैं गुफामा बसेर ध्यान-साधना गरिरहन्थे । उनी दिनदिनै बिहान भिक्षाटनको लागि जान्थे र बाँकी समय दिनभरि गुफामा ध्यान बसेरै बिताउँथे ।

एकपल्ट उनी निकै बिरामी परे । धेरै दिनसम्म त भिक्षाटन गर्न पनि जान सकेनन् । भोकले उनी चल्नै नसक्ने भए । उनले विचार गरे कि यस्तै बसी राखें भने त म मर्न सक्छु । त्यसैले सकी नसकी उठेर उनी गुफाबाट निस्की नगरतर्फ हिंडे । तर नगरसम्म पुग्न नसकी बाटोमै अशक्त भएर लडी बेहोश हुनपुगे ।

होश आएपछि चारैतिर हेर्दा उनले देखेछन् त्यो ठाउँ त आँपको बगैंचा रहेछ ।

त्यहाँ त थुप्रै पाकेका आँप रूखबाट झरी भुइँमा खसिरहेका थिए। भिक्षुलाई आँप टिपेर खाउँकि भन्ने मनमा आएछ। पछि फेरि विचार गरे–"यो आँप त यहाँको किसानको हो। मालिकले नदिइकनै लिएर खाँदा त मैले चोरी गरेको सरह हुनेछ। मेरो शील भंग हुनेछ। यो त गलत हुने भयो।" यस्तो सोची उनले त्यो आँप खाएनन्। उनले निश्चय गरे कि शील तोड्नु भन्दा त भोकै मर्नु जाति छ।

त्यतिबेला आँप बगैंचाको मालिक बगैंचा हेर्न त्यहाँ आईपुगे। अनि मरणासन्न अवस्थामा परेको एक भिक्षुलाई त्यहाँ देखेर हतपत आएर सोध्यो –"भन्ते, तपाईं भोको र कमजोर देखिनुहुन्छ। अस्वस्थ हुनुहुन्छ के ?"

भिक्षुले आफ्नो अवस्था सुनाए। किसानले आश्चर्य मानी भने–"यस्तो भोकाएको अवस्थामा पनि तपाईंले भुइँमा खसेको आँप किन खानु भएन त ?"

तब भिक्षुले भने "मैले पालना गरिरहेको शील मध्ये चोरी नगर्नु पनि एक हो। त्यो आँप जुन कसैको नीजि हो, उनले दान नदिएसम्म आफैंले लिएर खाएँ भने आफ्नो शील भंग भएको ठहरिन्छ।"

भिक्षुको यस कुराबाट किसान ज्यादै प्रभावित भयो कि भिक्षुले शील भंग नगर्नको लागि ज्यान समेत बाजी लगाए।

त्यसपछि किसानले भन्यो–"म तपाईंको सेवा गर्नेछु। जबसम्म तपाई स्वस्थ हुनुहुन्न, सधैं भोजन ल्याइदिनेछु।"

यस्तो भनी किसानले भिक्षुलाई भुइँबाट उठाई पिठ्युँमा बोक्यो। तब भिक्षुले सोचे–"यस किसानले निःस्वार्थ भावले मेरो सेवा गर्न लागेको छ। यदि मैले आफ्नो शील भंग गरेको भए मलाई क्षणिक सन्तोष त मिल्थ्यो, तर मेरो अकुशल कर्मको कारण मेरो पवित्रतामाथि कलंक लाग्थ्यो। चोरी नगर्ने शील पालन गरेकोले मलाई अहिले तुरुन्तै फल प्राप्त भयो र पछिलाई पनि कल्याण गरेको रहेछु।"

## ४. जूनले तिमीलाई हेर्दैछ

एकादेशमा एउटा गरिब परिवार बस्दथ्यो। त्यो परिवार गरिबीका कारणले राति भोक-भोकै सुत्नु पर्थ्यो। उनीहरूले कहिलेकाहीं छिमेकीहरूको खेतमा गएर तरकारी चोरेर ल्याउँथे। अनि त्यही खाएर दिन गुजार्थे। त्यस्तो काम उनीहरूले राति-राति गर्ने गर्थे।



एकपल्ट परिवारको मूली मान्छे आफ्नो सानो छोरालाई लिएर घरबाट निस्कियो । रात छिप्पिसकेको थियो, तर जून लागेकोले अँध्यारो भने थिएन । खेतमा गाजर रोपिएको थियो । छोरालाई अलि पर उभ्याउँदै बुवाले भने, - "बाबु, कोही आएको देख्यौ भने संकेत दिइहाल्नु, बुझ्यौ ?" यति भनेर बुवाचाहिँ खेतमा पसेर गाजर उखेल्न थाले । बुवाचाहिँले चार पाँचवटा गाजर के उखेलेका मात्र थिए सानो छोराले सचेत पार्दै भन्यो, "बुवा, हामीलाई कसैले हेर्दैछ ।"

डरले आत्तिएर बुवाले यताउति हेरे र कसैलाई नदेखेपछि छोरासँग सानो स्वरमा सोध्यो "खै, कता ? को आइरहेछ ?"

छोराले आकाशतिर औँल्याउँदै भन्यो, "उता माथि हेर्नुस् त बुवा, चन्द्रमाले हामीलाई हेर्दैछ ।"

छोराको कुराले बुवा चैं झस्कियो र मनमनै लज्जित पनि भयो । उसले हातमा लिएको गाजर खेतमै फालिदियो र कहिल्यै कसैको केही पनि नचोर्ने प्रण गर्दै छोरालाई बोकेर घर फर्क्यो ।

## ५. मृगदावनको कथा

धेरै पहिलाको कुरा हो, एउटा जङ्गलमा थरिथरीका रसिला घाँसको फाँट थियो । त्यसैले त्यहाँ मृगहरु आनन्दित भएर चर्न जान्थे ।

एक दिन त्यस देशका राजा आफ्ना सिपाहीहरु लिएर त्यस जङ्गलमा सिकार खेल्न गए । राजाले एउटा मृग मस्तसँग चरिरहेको देखेर वाण चलाए । राजाले छाडेको वाण गएर सोझै एउटी पोथी  मृगलाई लाग्यो । वाण लागेको मृग घाइते भई ; तर ऊ सकी नसकी त्यहाँबाट भागी । त्यसपछि सिकारी राजा र सिपाहीहरू पनि मृगका पछि लागे ।

केही परसम्म पछ्याइसकेपछि राजा र सिपाहीहरुले टाढैँबाट त्यस घाइते मृगलाई घाँसमा पल्टिरहेको देखे । अनि एउटा सानो पाठो पनि त्यस मृगको साथमा देखे । मृग एकातिर वाणको घाउबाट बगेको रगतको आहालमा झन्डै मूर्च्छा भएर पल्टिरहेकी थिई भने त्यसै बेला उसले आफ्नो भोको पाठोलाई दुध चुसाउँदै थिई । एक छिनसम्म आफ्नो पाठोलाई दुध चुसाउँदा-चुसाउँदै मृगले प्राण त्याग्यो ।




पाठोलाई दुध चुसाउँदा-चुसाउँदै घाइते भएको मृगले प्राण त्यागेको देखेपछि राजालाई आफ्नो कामप्रति असाध्यै पछुतो भयो । उनले मृगको पाठोलाई उठाएर अँगाले । त्यसको लगत्तै उनले आफ्नो धनुलाई भाँचिदिए र सबैले सुन्ने गरी ठूलो स्वरमा भने, “अब उप्रान्त म सिकार खेल्दिनँ । अनि आफ्नो कामको प्रायश्चित गर्न म यस पाठोलाई आफैँ हुर्काउँछु !”

राजाले त्यसपछि कहिल्यै शिकार खेलेनन् र त्यस जङ्गलको नाम नै ‘मृगदावन’ राखिदिए ।

## ६. मातुपोसक हात्ती

बोधिसत्व हिमालय प्रदेशमा हात्तीको रूपमा जन्मेको थियो । त्यो हात्ती सेतो रंगको, राम्रो र बेग्लै खालले सुन्दर थियो । ऊ अरु थुप्रै हात्तीहरूका नायक पनि थियो । उसको आमा हात्ती भने दृष्टिविहीन थिइन् । बोधिसत्व हात्ती नायक भएकोले नेतृत्व गर्ने काममा व्यस्त हुन्थ्यो । त्यसैले उसले आफ्नी आमालाई भनी असल राम्रो फलहरू बटुलेर अरु मार्फत् पठाउने गर्दथ्यो । फलफूल लैजाने हात्तीहरूले उसको आमालाई नदिइकन आफूहरूले बिचमा खाएर बेइमानी गर्थे । त्यो कुरा उसलाई पछि मात्र थाहा भयो । त्यसपछि आफ्ना जमातलाई छोडी, कसैलाई केही नभनीकन राती नै बोधिसत्व हात्ती आफ्नी आमालाई लिएर चण्डोर पर्वतमा गएर बस्न थाल्यो । त्यहाँ पोखरीनिर एउटा गुफामा आमालाई राखेर सेवा गरी बस्न थाल्यो ।

एकदिन जंगलमा एकजना बटुवा बाटो बिराएर यताउति बिलौना गरी रुँदै हिँडेको बोधिसत्व हात्तीले देख्यो । त्यस बटुवालाई उद्धार गर्नको लागि हात्तीले उसलाई आफ्नो



जिउमा बोकी जंगल बाहिर पुऱ्याउन लग्यो। त्यो बटुवा दुष्ट भएर निस्क्यो । उसको मनमा लोभ पलायो। यस्तो राम्रो हात्ती राजालाई देखाउन पाए मैले धेरै इनाम पाउनेछु भनी पाप मनमा सोच्यो। अतः उसले जंगलको बाटोमा पछि आउनलाई चिन्ह छोड्दै गयो ।

नगरमा पुगेपछि उसले साँच्चै पनि राजाकहाँ "फलानो जंगलमा यस्तो सुन्दर लक्षणको राम्रो हात्ती छ" भनी खबर पुऱ्यायो। राजाले ठूलो लश्कर फौज पठाई हात्तीलाई पक्रन लगाए । राजाको फौजले हात्तीलाई पक्रेर दरबारमा लग्यो । राम्रो हात्तीलाई राख्न भनी अनेक सरसफाइ, सुविधा र साज-सजावटसँगै ठाउँ बनाइयो। हात्तीलाई अति मान-सम्मान गरेर राखियो ।

तर बोधिसत्व हात्तीको मनमा अति नै दुःख लाग्यो । उसलाई आफ्नो आमाको अत्यन्त पीर लागिरहेको थियो । उता जंगलतिर पनि आफ्नो छोरा नआएकोले दृष्टिविहीन आमा हात्ती रुँदै विलौना गरिरहेकी थिइन् ।

राजाले त्यो सुन्दर हात्तीलाई अनेक प्रकारको असल राम्रो खाना खुवाउन दिए। हात्तीले एक दाना पनि नखाई निराहार बसिरह्यो। यो हात्तीलाई के भयो भनी सबैको बिचमा कुरा भयो ।

स्वयं महाराजाले हेर्न आए। महाराजाले भने तिमी राजसी हात्ती हौ, तिमीले राज्यको अनेक कार्य गर्न बाँकि छ, खाना खानु भनी सम्झाए। हात्तीले नखाइकनै अटेर गरी हत्ते गरेरै बस्यो ।

हात्तीले भन्यो "मेरी दृष्टिविहीन आमा जंगलमा एक्लै छिन् । उनीलाई हेरचाह गर्ने कोही छैन । चण्डोर पर्वत मुनि रुखमा ठक्कर खाँदै छिन् होला । दृष्टिविहीन आमालाई हेरचाह गरेर बसेको मलाई मुक्त गरिदिनुहोस् । मलाई मेरी आमासँगै बस्नदिनुहोस् ।"

हात्तीको मातृ स्नेह देखी महाराजा अति प्रभावित भए, र हात्तीलाई मुक्त गरिदिए । अनि ऊ आफ्नी आमा भएको जंगलमा पुग्यो । त्यहाँ पुगेर आमालाई नुहाइदिन्छु भनी

पोखरीको पानी आमाको जिउमा हालिदियो । दृष्टिविहीन आमा हात्तीले बेसमयमा वर्षा भएछ भनी ठानिन् । “कहाँबाट पानी आयो । मलाई हेरचाह गर्ने मेरो छोरा त गइसक्यो” भनी दुःखी भएर भनिन् ।

छोराचाहिँ हात्तीले भन्यो, “आमा उठ्नुहोस् । म तपाइँको छोरा फर्केर आइसकें । ज्ञानी यशस्वी महाराजाले मलाई मुक्त गरेर छोडिदिए ।”

हात्तीकी आमाले महाराजाको जय-जयकार गरेर भनिन् “काशी राज्यको अभिवृद्धि गर्ने महाराजा दीर्घायु रहून्,जसले वृद्धा आमालाई सेवा गर्ने मेरा छोरालाई फर्काएर पठाइदिए ।”

महाराजाले बोधिसत्व हात्तीको गुण देखेर प्रसन्न भई पोखरीको नजिकमा एउटा गाउँ बनाइदिए। बोधिसत्व हात्तीलाई आमाको सेवा गर्न सुविधाको लागि आवश्यक व्यवस्था पनि गरिदिए ।

## ७. तित्तिर(तित्रा), बाँदर र हात्ती

उहिले एउटा ठूलो रुखको आश्रय लिएर तित्तिर, बाँदर र हात्ती बसिरहेका थिए, तर उनीहरू एक आपसमा मिलेर बस्न सकेका थिएनन् । उनीहरू परस्परमा आदरसत्कार गरेर बस्न सकेका थिएनन् । एकदिन उनीहरूको मनमा राम्रो विचार आयो । हामीहरू यसरी एक आपसमा बिना आदर सत्कार गरेर बस्न हुँदैन । हामीमध्ये जेठोलाई अरुले प्रणाम गर्नुपर्छ र जेठोले हामीहरूलाई माया गर्नुपर्दछ । यस्तो विचार गरी उनीहरूले आफूमध्ये को जेठो र को कान्छो चिन्ने उपाय खोजी गरे ।

उनीहरू तीनैजना सालको रुखमूनि बसेर जेष्ठताको बारेमा छलफल गरे । तित्तिर र बाँदरले हात्तीसित सोधे “हात्ती ! तिमीले सालको यस रुखलाई कहिलेदेखि देखेका थियौ ?”


हात्तीले उत्तर दियो “साथीहरू ! म जुन बेला सानो छावा थिएँ, यो रुख मेरो नाभिस्थानसम्म पुग्थ्यो र यसलाई नाघ्दा यसको टुप्पाले मेरो पेट छुन्थ्यो । मैले यस रुखलाई आफू सानो छँदादेखि देखेको थिएँ ।”

त्यसपछि तित्तिर र हात्तीले बाँदरसित यही कुरा सोधे । बाँदरले भन्यो “साथीहरू ! म सानो हुँदा यो सानो बोटजस्तै थियो र म भुइमै बसेर यस बोटको स-साना फुलहरू टिपेर खाएको मलाई थाहा छ । त्यसैले मैले यो रुखलाई आफू सानो छँदा देखि चिनेको छु ।”

त्यसपछि बाँदर र हात्तीले तित्तिरसित यही कुरा सोधे । तित्तिरले उत्तर दियो “सौम्यहरू! पहिले उ त्यता पर एउटा सालको रुख थियो । मैले त्यसको फल खाएर यस ठाँउमा मलमूत्र

त्याग गरें। त्यसै ठाउँमा यो रुख उम्रेको हो। त्यसपछि यो रुख हुर्क्यो, बढ्यो। यस प्रकारले यो रुख यहाँ हुनुभन्दा पहिलेदेखि नै मैले यताका सब कुरा देखि जानेको थिएँ। त्यसैले उमेरमा म तिमीहरूभन्दा जेठो भएँ।"

त्यति भनि सकेपछि बाँदर र हात्तीले तित्तिरलाई भने "सौम्य ! तिमी हामीभन्दा जेठो रहेछौ। त्यसैले अब उपरान्त हामी तिम्रो सत्कार गर्नेछौं, गौरव गर्नेछौं, तिम्रो वन्दना गर्नेछौं, अभिवादन गर्नेछौं, सेवा गर्नेछौं, दुई हात जोडेर नमस्कार गर्नेछौं। अनि सम्पूर्ण उचित कर्म गर्नेछौं। हामी तिम्रो उपदेश अनुसार चल्नेछौं। त्यसैले अबदेखि हामीलाई उपदेश दिनुहोस्, अनि हामीलाई अनुशासनमा राख्नुहोस्।"



त्यसबेलादेखि तित्तिरले उनीहरूलाई उपदेश दिने गऱ्यो। तित्तिरले उनीहरूलाई पाँचवटा शीलमा प्रतिष्ठित गऱ्यो। उनीहरूले जीवनभर पञ्चशील पालन गरी एकले अर्कालाई आदर मैत्रीभाव राखी संगै हाँसी-खुशी जीवन यापन गरी बिताए।

यो कथाले आदर गर्नुपर्नेलाई आदर गर्नुपर्छ भन्ने शिक्षा दिन्छ।

**शब्दार्थ:**

- त्रिवेद : तिन वटा वेदहरू
- पारंगत : पढेर, जानेर पार लगाएको
- श्राद्ध : वितेर गएको परिवारका सदस्यहरुलाई श्रद्धाअर्पण गरिने पुजा, संस्कार
- पूर्वजन्म : अहिलेका भन्दा पहिलेको जन्म
- चटयाङ : आकाशमा बिजुली चम्कनु
- भिक्षाटन : भिक्षा मागी हिड्नु
- मरणासन्न : मृत्यु हुन लागेको अवस्था

निस्वार्थ : मेरो आफनो भन्ने नभएको
अभिवृद्धि : राम्रो बनाउने, धेरै बनाउने
प्रतिष्ठित : भलाई काम गरिएको

## अभ्यासः

**तलका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

१) भगवान् बुद्धले बालक र गंगटोको कथामा बालकहरूलाई के उपदेश दिनुभयो ?

२) बोको किन एकपल्ट हाँस्यो, अनि फेरि रोयो ?

३) भिक्षुले के कारणले आँप लिएर खाएनन् ?

४) कुनैपनि राम्रो वा नराम्रो काम गर्दा आफूले आफैलाई हेरिरहेको हुन्छ भन्ने कुरा जूनले तिमीलाई हेर्दैछ कथाको आधारमा लेख्नुहोस् ।

५) मृगदावनको कथामा राजाको मन कसरी परिवर्तन भयो ?

६) राजाले प्रदान गरेको राजसी भोजन हात्तीले किन खान मानेन?

७) हात्ती र बाँदरले तित्तिरलाई किन सम्मानको व्यवहार गरे ?

८) आफूलाई मनपर्ने कुनै एउटा कथा र त्यसबाट पाउने शिक्षा लेख्नुहोस् ।

२
अध्याय

# जीवनको उन्नति र अवनति

## पाठ १

## असल साथी र खराब साथी

साथीसँग बस्दा हामीलाई खुशी लाग्छ। साथीले हामीलाई हसाउँछ, खेलाउँछ, पढ्नमा सहयोग गर्छ, आपत परेको बेला सहयोग गर्छ। त्यसैले हामीलाई साथी मन पर्छ। यो त बुझेकै कुरा हो। तर साथी मात्र भनेर हुँदैन। हामीले असल साथी र खराब साथी चिन्न सक्नु पर्छ। बाहिरबाट असल साथी जस्तो नाटक गरेर भित्र-भित्रबाट हामीलाई हानी पुऱ्याउने साथी पनि हुन सक्छ। असल साथी र खराब साथी कसरी चिन्ने भनेर भगवान् बुद्धले सिकाउनु भएको छ। आज हामी यसकै बारेमा पढौं।



बुद्धको समयमा सिगाल नामको एउटा केटा थियो। ऊ असाध्यै बदमाश थियो। आमाबुवाले भनेको कुरा टेर्दैनथ्यो। एकदिन उसको बुवाको देहान्त भयो। एकदिन भाग्यले सिगालको भेट भगवान् बुद्धसँग भयो। भगवान् बुद्धले उसलाई असल साथीको संगत गर्नुपर्छ ; अनि मात्र आफ्नो भलाई हुन्छ। खराब साथीको संगतमा पऱ्यो भने धेरै दुःख कष्ट भोग्नुपर्ने पनि हुन सक्छ भनी उपदेश दिनुभयो। भगवान् बुद्धले सिगाललाई दिनुभएको उपदेशलाई बौद्ध साहित्यमा "सिगालोवाद-सूत्र" भनेर जानिन्छ। अब यहाँ हामी सिगालोवाद सूत्रमा बताइए अनुसार असल साथी र खराब साथी चिन्ने जमर्को गरौं।

### चार थरीका असल साथी

बुद्धले भन्नुभयो– "हे गृहपतिपुत्र ! चार थरीका व्यक्तिलाई हितैषी कल्याणमित्र भनेर जान्नु।"

१. आफूलाई उपकार गर्ने व्यक्तिलाई हितैषी कल्याणमित्र भनेर जान्नु;

२. सुखको बेला मात्र होइन, दुःखको बेला पनि समानरूपले उपकार गर्ने व्यक्तिलाई हितैषी कल्याणमित्र भनेर जान्नु;

३. धन सम्पत्ति, यश कीर्ति लाभ हुने, उन्नति वृद्धि हुने कार्यमा अर्ति बुद्धि दिने व्यक्तिलाई हितैषी कल्याणमित्र भनेर जान्नु; र

४. अनुकम्पा राख्ने वा दया करुणा राख्ने व्यक्तिलाई हितैषी कल्याणमित्र भनेर जान्नु ।

असल साथीलाई चिन्ने तरिका यसरी बताउनु भएपछि भगवान् बुद्धले सिगाललाई खराब साथी चिन्ने तरिका पनि सिकाइदिनुभयो ।

## चार थरीका खराब साथी

बुद्धले सिगाललाई भन्नुभयो "हे गृहपतिपुत्र ! चार थरीका मानिसलाई मित्रको रूपमा रहेका अमित्र भनी जान्नु । कस्ता चार थरी ?"

१. अर्काको वस्तु आफूलाई लिने त इच्छा छ, तर आफ्नो कुनै पनि वस्तु अरुलाई दिने इच्छा छैन, त्यस्ता व्यक्तिलाई;

२. पहिला भएका कुराकानी, पछि हुने कुराकानी, व्यर्थको कुराकानी गरी वचनले मात्र मित्रभाव देखाएर काम आइपर्दा केही पनि गरी नदिने व्यक्तिलाई;

३. सँगै बसुन्जेल साथीको बारेमा अनेकौं प्रशंसाको कुरा भनी मक्ख पार्छ, तर पछिबाट उही साथीको बारेमा निन्दा चर्चा गरेर हिँड्छ, त्यस्ता व्यक्तिलाई; र

४. गलत काम गर्नमा उस्काउँछ तथा सम्पत्ति विनाश हुने जस्ता कार्यमा अघि बढ्नको लागि सल्लाह दिन्छ, त्यस्ता व्यक्तिलाई ।

यसरी भगवान् बुद्धबाट उपदेश सुनेपछि विस्तारै सिगाल नामको उक्त केटा ज्ञानी भयो ।

**शब्दार्थः**

अनुकम्पा : दया, करुणा

## पाठ २

# धन सम्पत्ति विनाश हुनुका छ वटा कारणहरू

भगवान् बुद्धले सिगाललाई उपदेश दिने क्रममा खराब आचरण गरेर हिँड्यो भने आफूसँग भएको धन सम्पत्ति विस्तारै नाश भएर जान्छ भनेर पनि बताउनुभयो । बुद्धले धन सम्पत्ति नाश हुनुका छवटा कारणहरू बताउनु भयो :

१. नशालु पदार्थ खाएर हिँड्नु;

२. सही समय नहेरी जुनसुकै समयमा जथाभावी चहार्नु, कुबेलामा घुम्नु;

३. सिनेमा, नाटक, थिएटरहरूमा जानु;

४. जुवा, तास खेल्नु, मोजमस्ति गर्नु;

५. खराब मित्रको संगत गर्नु; र

६. अल्छी भएर, कर्तव्य, काम नगरीकन बस्नु ।








**शब्दार्थ:**

गृहपति : गृहस्थी जीवनयापन गर्ने परिवारको मुल व्यक्ति

कल्याणमित्रः सही कार्यमा बाटो औंल्याइ साथीको भलाइ गर्ने असल मित्र

## अभ्यास

**१. प्रश्नको उत्तर दिनुहोस ।**

क. सिगाल कस्तो केटो थियो ?

ख. चार थरीका खराब साथीको बारेमा लेख्नुहोस् ?

ग. असल साथीको बारेमा उदाहरण सहित लेख्नुहोस् ?

घ. धन सम्पत्ति विनाश हुने कारणहरू के के हुन् ?

**२. खाली ठाउँमा मिल्ने शब्द राखी वाक्य पूरा गर्नुहोस् ।**

क. असल साथी..................थरीका छन् । (तीन, चार, सात)

ख. बुद्धकालीन समयमा.....................केटो थिए । (सिगाल, सिङाल, सिगालो)

ग. ..................... व्यक्तिलाई हितैषी कल्याणमित्र भनिन्छ । (हँसाउने, उपकार गर्ने, खेलाउने)

घ. गलत काम गर्नमा उक्साउने साथी .......................भनेर जान्नु । (असल मित्र, शत्रु, मित्रको रूपमा अमित्र)

पाठ ३

# जीवन उन्नति र अवनति सम्बन्धी कथा



असल साथीको संगत गर्नाले के फाइदा हुन्छ र त्यस्तै खराब साथीको संगत गर्नाले के हानी हुन्छ भन्ने बुझ्नको लागि यहाँ ज्ञानवर्द्धक कथाहरू सुनौं ।

## १. बुद्धिमान कुकुर

एक समयको कुरा हो, वाराणसीमा ब्रम्हदत्त राजाले राज्य गरिरहेका थिए । उनले धर्मानुसार राज्य गरिरहेका थिए । बोधिसत्व त्यसबेला कुकुर भएर जन्मनु भएको थियो। कुकुरहरूको एक समूह सहित वहाँ मसानघाट छेउ बस्नु भएको थियो ।

एक दिन ब्रम्हदत्त राजा राम्रो घोडा भएको, विभिन्न अलंकारले अलंकृत भएको रथ लिई बगैंचामा घुम्न गए । उनी त्यहाँ दिनभरि बसी रमाइलो गरी साँझ घाम डुबी सकेपछि नगरभित्र गए । उनले रथलाई दरबार छेउतिर राखेका थिए । त्यो रातभरि पानी पर्‍यो । पानीले, रथ बाँधेका सबै छालाको डोरी भिजेकोले कुकुरले खाई दिएछन् । त्यो कुरा राजाको कानमा पुगेछ । राजाले रिसले चुर भई सबै कुकुरहरूलाई मार्ने आदेश दिए ।

त्यस समयदेखि कुकुरहरू देख्नासाथ मारिदिने भएकोले सबै कुकुरहरू भयभीत भए । उनीहरूलाई ठूलो विपति आइपर्‍यो, अनि सबै कुकुरहरू डराइ-डराइ मशानघाटतिर, जहाँ बोधिसत्व कुकुर थियो, त्यहाँ गए । सबै कुकुर बन्धुहरू आफ्नो अगाडि आएको देखेर बोधिसत्वले सोधे "तिमीहरू किन सबै जम्मा भई आएका ?"

उनीहरूले उत्तर दिए– "दरवार भित्रको रथको छालाको डोरी हाम्रा साथीहरुले खाईदिए

भनी राजा रिसले चुरभई सबै कुकुरहरूलाई मार्ने हुकुम दिएका छन्। हाम्रा धेरै साथीहरु नाश भइसके, महाभय उत्पन्न भयो।"

बोधिसत्त्व कुकुरले विचार गऱ्यो कि–"बाहिरका कुकुरहरू दरवार भित्र जान सक्दैनन्। दरवार भित्रको कुकुरहरू बाहेक अरु कुन कुकुरले खान्छ ? चोरलाई दण्ड छैन, चोर नभएकाहरूले चैं यहाँ दण्ड पाइरहेछ।"

यस्तो विचार गरी उसले ज्ञातिबन्धुहरूलाई सान्त्वना दियो – "ल तिमीहरू डराउनु पर्दैन, म अभयदान लिएर आउँछु।"

यसरी आफ्नो ज्ञातिबन्धुहरुलाई जीवनदान लिन आफ्नो मैत्रीपूर्ण बलले ऊ दरबारभित्र छिऱ्यो। उसलाई कसैले पनि केही गर्न सकेन। राजा आफ्नो न्यायालयमा बसिरहेका थिए। बोधिसत्व कुकुर राजा बसेको मेच मुनि बस्यो।

बोधिसत्व कुकुरले बाहिर आई राजालाई वन्दना (प्रणाम) गरी सोध्यो –"महाराज के तपाँईले कुकुरहरूलाई मार्न आदेश दिनुभएको हो ?"

"हो ! मैले मार्न आदेश दिएको हुँ।"

महाराज – "उनीहरूको के अपराध छ ?"

"उनीहरूले मेरो रथको छाला र डोरी खाएकोले"

"महाराजलाई थाहा छ ? कुन कुकुरले खाएको "

"थाहा छैन।"

"देव। यसले खायो, त्यसले खायो भनी थाहा नपाइकन सबै कुकुरहरूलाई मार्नु उचित छैन।"

"रथको छाला र डोरी कुकुरहरूले खाए, त्यसैले मैले सबैलाई मार्न आदेश दिएँ।"

"त्यसो भए राजन सबै कुकरहरूलाई मार्ने हो त ?"

"होइन, दरबारमा भएको कुकुरहरू नमार्ने।"

"महाराज अघि चाहिँ सबै कुकुरहरूलाई मार्ने रे, अहिले चाहिँ दरबारका कुकुरहरूलाई नमार्ने रे, यो त पक्षपाती भयो। दण्ड भनेको सबैलाई समान हुनुपर्छ। महाराज, प्रजाले पछि तपाईलाई दरबारका कुकुरहरू नमार्ने बाहिरका कुकुरहरूमात्र मार्ने पक्षपाती राजा भनी

कुरा काट्न सक्छन् । वास्तविक दोषीलाई सजाँय नदिई निर्दोषीलाई सजाँय दिनु राजधर्म होइन, तपाई पक्षपाती हुनुहुँदैन महाराज ।"

राजाले उसलाई सोधे "दोष कसको भनेर तिमीलाई थाहा छ ?"

बोधिसत्व कुकुरले भन्यो "दरवारको कुकुरहरू बाहेक अरु भित्र आउन सक्दैनन् त्यसकारण दोष दरवारकै कुकुरहरूको हो ।"

"तिमीले यस कुरालाई प्रमाणित गरेर देखाऊ " भनेर राजाले चुनौती दिए ।

कुकुरले राजाको चुनौती स्वीकार गरी केही घाँस र मोही माग्न लगाए । मोही र घाँसलाई मुछेर दरबारका कुकुरहरूलाई खान लगाए । तुरुन्तै ती कुकुरहरूले उल्टी गरे । उल्टीमा रथको छालाका टुक्राहरू पनि देखा परे ।

बोधिसत्व कुकुरले यस प्रकारले दरवारका कुकुरहरूको दोष प्रमाणित गरेर देखाएपछि राजा बोधिसत्व कुकुरदेखि साह्रै प्रभावित भए । सबै कुकुरहरूलाई अबदेखि नमार्ने घोषणा गरी अभयदान दिए । यसरी बोधिसत्वले आफ्नो मित्र तथा ज्ञातिबन्धुहरूको प्राण बचायो ।

## २. महाधनी महाजन पुत्र



पहिला वाराणसी नगरमा ८० करोड धन सम्पत्ति भएको एकजना महाजन थिए । उसको एक जना मात्र छोरो थियो । महाजन दम्पतीले विचार गरे–हाम्रो घरमा यतिका धन सम्पत्ति छ । हाम्रो छोरोलाई सुख मात्र भोग गर्न दिने, केही पनि काम गर्न नदिने । यस्तो भनी छोरोलाई खालि गीत गाउने, बाजा बजाउने, खालि रमाइलो, मोजमस्ती गर्ने काम मात्र सिकायो ।

त्यही नगरमा अर्को एकजना ८० करोड धन भएको महाजनको पनि छोरी थिई । उसलाई पनि केही काम गर्न नदिई सुखपूर्वक राखी राखेको थियो । ठूलो भएपछि उनीहरू

दुईको विवाह गरिदिए ।

उनीहरू दुबै कुलका गरी जम्मा १६० करोड धन सम्पत्तिका मालिक भए। केही समय पछि दुबै जनाको आमाबुवाको मृत्यु भयो। उनीहरू आफ्नो जीविका चलाउँदैं गए। महाजन पुत्र दिनको तीन पटक राजाको सेवामा जान्थ्यो । त्यो नगरमा धूर्त जँड्याहाहरूको समूह पनि थियो । तिनीहरूले महाजन पुत्रलाई फसायो भने फाइदा हुन्छ भनी योजना बनाए ।

जुन बेला महाजन पुत्र बाटोमा आउँथ्यो, त्यो बेला तिनीहरू कराउँदै "तपाइँ जस्तो महाजन सय वर्ष बाँचोस्" भनी कराउँदै, हल्लिदै आउँथ्यो ।

रक्सी खाएका उनीहरूको शरीरबाट विचित्रको गन्ध आइरहेको हुन्थ्यो। महाजन पुत्रले आफ्नो पछाडि आइराख्ने सेवकलाई सोध्यो "तिनीहरूले के खाएको ?"

सेवकले जवाफ दियो "तिनीहरूले एक प्रकारको मादक पदार्थ खाएको"

"त्यो असल रस हो?"

सेवकले संसारमा "त्यो जस्तो असल रस कहीं पनि पाउँदैन" भनेर त्यस रसको गुणगान गायो ।

"त्यस्तो हो भने म पनि खानु पर्‍यो" भनी त्यो जँडयाहाहरूको समूहमा गई रक्सी खान शुरु गर्‍यो। ऊ दिन-दिनै ती जँड्याहाहरूसँग समय बिताउन थाल्यो। उसलाई रक्सीको लत लागिसकेको थियो। रक्सी सेवन गर्दागर्दै घरमा भएको सम्पत्ति घट्दै गयो, तर पनि उसले रक्सी खान छोड्न सकेन । उसको आफ्नो तर्फको असी करोड सम्पत्ति सकियो, र पछि पत्नी तर्फबाट प्राप्त भएको सम्पत्ति पनि मोजमस्ती गरेर सक्यो । यसरी १६० करोडको सारा सम्पत्ति सकियो । ऊ आफ्नी पत्नी सहित मागी-मागी हिँड्नु पर्ने अवस्था आयो ।

एक दिन भगवान् बुद्ध भिक्षु आनन्द सहित भिक्षाटनको लागि जाँदै गर्दा उनीहरूले श्रामणेरहरूले फालेको जूठो खाना टिपिरहेको देख्नुभयो ।

बुद्धले भन्नुभयो "आनन्द त्यहाँ हेर, तिनीहरू दुई कूलको गरी १६० कोटी धन-सम्पत्ति भएका व्यक्ति हुन् । व्यर्थमा सबै सम्पत्ति नाश गरी आज मागी हिँडेछन् । यदि उनीहरूले आफूहरुसंग भएको सम्पत्ति नाश नगरी प्रथम बैशमा लगानी गरेको भए यो देशको अग्र महाजन हुने थिए, दोस्रो वैशमा लगानी गरेको भए दोस्रो महाजन हुने थिए, त्यस्तै गरी अन्तिम वैशमा भएको सम्पत्ति व्यापारमा लगानी गरेको भए देशको तेस्रो धनी हुने थिए ।

समयमा होश नगरी आफूहरुसंग भएको सम्पत्ति नाश गरेको कारणले माछाविहीन सुक्खा पोखरीको अगाडी बसेको बकुला जस्तै उनीहरू झोकाएर बस्नु पर्ने अवस्था आयो ।"

त्यसैले यो कथाबाट हामीले के बुझ्नुपर्छ भने समयमा गर्नुपर्ने काम नगरी समय खेर फाले जीवन भरि पछुताउनु पर्छ ।

## ३. कछुवाको निर्बुद्धि

धेरै पहिलेको कुरा हो । हिमाली प्रदेशमा एउटा पोखरी थियो । त्यस पोखरीमा एउटा कछुवा बस्दथ्यो र नजिकै दुईवटा हाँसहरू पनि बस्दथे । उनीहरू तीनजना अति नै मिल्ने साथी थिए । उनीहरू सानैदेखि एक साथ खेल्दै हुर्केका थिए र विश्वासिला पनि थिए । एकदिन हाँसहरूले कछुवालाई सोधे "मित्र कछुवा ! हामी बस्ने चित्रकुट पर्वतको मुनि कञ्चन गुफा छ । त्यहाँ धेरै रमाइला ठाउँहरू छन् । तिमी पनि हामीसँग जाने हो ?" कछुवाले भन्यो "म कसरी जाने ?"



"हामीले तिमीलाई लिएर जान्छौ । तर तिमीले आफ्नो मुख बन्द राख्न सक्नुपर्छ । कसैसँग केही कुरा नगरी बस्नुपर्छ ।"

कछुवाले भन्यो "हुन्छ, म मुख बन्द राख्छु, कुरा गर्दिन ।"

"ठीक छ" भनी उनीहरूले एउटा लट्ठी खोजेर ल्याए । बिचमा कछुवालाई दाँतले समात्न लगाई दायाँ बायाँ हाँसहरूले आफ्ना चुच्चाले लट्ठी च्यापेर उडाएर लगे । यसरी हाँसहरूले कछुवालाई उडाएर लगिरहेको गाउँका बच्चाहरूले देखे । उनीहरूले ताली बजाउँदै "दुई वटा हाँसले कछुवालाई लट्ठीमा राखेर लगे" भन्दै चिच्याउन थाले । कछुवालाई सहन नसक्ने भई "हरे खराब बालकहरू ! मलाई मेरा साथीहरूले यसरी लगेकोमा

तिमीहरूलाई के आपत्ति छ हँ ?" भनी भन्न मन लाग्यो ।

यत्तिकैमा उसले मुख के खोलेको थियो केही भन्नै नपाई ऊ भुईमा खस्यो । भुईमा टुक्रा-टुक्रा भई उसको मृत्यु भयो ।

**शब्दार्थ:**

मशानघाट : मृत्यु भएको मानिसहरुको संस्कार गर्ने ठाउँ, घाट

अलंकार : गरगहना आदि सिंगार्ने सामान

न्यायालय : न्याय दिने स्थान, अदालत

पक्षपाती : एक पक्ष (तर्फ) लाई मात्र राम्रो गर्ने

## अभ्यास

**१. प्रश्नको उत्तर दिनुहोस ।**

क. ८० करोड धन हुने महाजनपुत्रलाई कसरी हुर्काइएको थियो ?

ख. महाधनी सेठले आफ्नो छोरालाई कोसंग विवाह गरिदियो ?

ग. महाजनपुत्रको १६० करोड धन के कारणले सकियो ?

घ. महाधनी महाजन पुत्रको कथाले के शिक्षा दिन्छ ?

ङ. कुकुरले आफ्ना मित्रहरूलाई बचाउन गरेको हिम्मतको बारेमा लेख्नुहोस् ।

च. बोधिसत्व कुकुरले प्रमाणको लागि के गर्‍यो ?

छ. कछुवाको कथाबाट तपाईले के पाठ सिक्नुभयो ?

**२. ठीक वेठीक छुत्याउनुहोस् ।**

क. १६० करोड सम्पत्ति महाजन पुत्रले लगानी गर्‍यो ।

ख. दोस्रो बैशमा धन लगानी गरेको भए दोश्रो महाजन हुन्थ्यो ।

ग. तेस्रो बैशमा लगानी गरेको भए महाधनी पुत्र ठूलो महाजन हुने थियो ।

घ. कुकुर जातकमा राजा निकै विवेकी थियो ।

ङ. बोधिसत्त्व कुकुर राजादेखि डरायो ।

३
अध्याय

# बुद्ध जीवनी
(भाग १)

## पाठ १
## सिद्धार्थको जीवनी

### सिद्धार्थ

आजभन्दा छब्बीस सय वर्षअघिको कुरा हो । नेपालको कपिलवस्तुमा शाक्यकुलका राजा शुद्धोदनले राज्य गरिरहेका थिए । राजाका दुई रानी थिए – जेठी महामायादेवी र कान्छी महाप्रजापति गौतमी ।

### महामायादेवीले देखेको सपना



एक मध्यरातमा महामायादेवीले अनौठो सपना देखिन् । सपनामा आफ्नो सुंडले एउटा कमलको फूल समाएर आएका एउटा सेतो हात्ती महामायादेवी सुतिरहेको खाटलाई तीनपल्ट परिक्रमा गरेर उनको पेटभित्र पसेको थियो ।

भोलिपल्ट सबेरै महामायादेवीले आफूले देखेको सपना राजालाई सुनाइन् । सपनाको अर्थ के होला भन्ने कुरा बुझ्न राजाले विद्वान्हरूलाई दरबारमा बोलाए । दरबारमा उपस्थित भएका सबै विद्वानहरूको उचित सत्कारपछि राजाले उनीहरूलाई रानी महामायादेवीले देखेको सपनाको बारेमा सुनाए र त्यसको अर्थ जान्ने इच्छा प्रकट गरे । विद्वान्हरूले भने, - "महाराज ! यस सपनाले महारानीको गर्भमा पुण्यवान् पुत्ररत्नले वास गरेको जनाउँछ ।" विद्वान्हरूको कुरा सुनेर राजा खुशी भए ।

## सिद्धार्थको जन्म

गर्भवती भएको दश महिना पुरा भएपछि, एक दिन रानी महामायादेवीले राजाका अगाडि आफू माइती देवदह नगरमा जाने इच्छा व्यक्त गरिन् । राजाले लावालस्करसहित यात्राको बन्दोबस्त गरिदिए । कपिलवस्तु र देवदहबीच लुम्बिनी नाउँको सुन्दर बगैंचा थियो । लुम्बिनी बगैंचामा पुगेपछि रानीले बगैंचामा एकपल्ट घुम्ने इच्छा गरिन् र रमाउँदै यताउति घुम्न



थालिन् । त्यही बेला एक्कासि उनलाई प्रसब व्यथा हुन थाल्यो । राजकर्मचारीहरूले उत्तिखेरै सबै व्यवस्था मिलाए । व्यथा बढ्दै गयो र रानी महामायादेवीले साल-रूखको हाँगा बेस्सरी समातिन् । त्यसैबेला बत्तीस लक्षणले संयुक्त, जाज्वल्यमान् बालकको जन्म भयो । त्यस बालकको जन्म भएको त्यो पवित्र दिन बैशाख पूर्णिमा र शुक्रबार थियो । त्यसपछि आफ्नो माइती देवदह जान भनी हिंडेकी रानी महामायादेवी देवदह नगई कपिलवस्तुमै फर्किइन् ।

## असित ऋषिद्वारा बोधिसत्त्वको दर्शन

त्यसबखत असित नामका एकजना ठुला ऋषि थिए । उनी कालदेवल तपस्वी भनेर पनि चिनिन्थे । शुद्धोदन राजाकी रानी महामायादेवी पुत्ररत्नबाट धन्य भएको कुरा थाहा पाएर असित ऋषि बालक राजकुमार हेर्न भनी राजा शुद्धोदनको दरबारमा आए ।

राजाले ऋषिको यथायोग्य सत्कार गरे ।

ऋषिले भने - “महाराज ! म राजकुमारलाई हेर्न भनेर आएको हुँ।”

राजाले कोठाभित्र गएर राजकुमारलाई लिएर बाहिर आए । ऋषिबाट आशीर्वादको कामना गरेर ऋषिका अघिल्तिर बालकलाई लैजाँदा अनायास बालकको खुट्टाले ऋषिको शिर छुन पुग्यो । असित ऋषि प्रज्ञावान् थिए । उनले त्यस घटना र बालकको भविष्यबारे प्रज्ञादृष्टिले

विचार गरी हेरे । त्यसपछि उनले बालक बोधिसत्त्वलाई पञ्चाङ्ग दण्डवत् गरे ।



असित ऋषिको क्रियाकलाप देखेर राजा आश्चर्यचकित भए । अनि राजाले पनि ऋषिले जस्तै गरी छोराको अगाडि दण्डवत् गरे । यो महाराजले गरेको प्रथमबार पुत्रवन्दना थियो । एकछिन अघिसम्म नवजात बालकलाई देखेर खुशी देखिएका ऋषिका आँखा तुरुन्तै आँसुले रसाए । ऋषि रोएको देखेर राजा शुद्धोदनलाई चिन्ता लाग्यो । किन दुःखी हुनुभयो भनी ऋषिसँग जिज्ञासा राखे ।

त्यसबेला ऋषिले भने, "यो बालक बत्तीस लक्षणले युक्त छ । भविष्यमा यो बालक बुद्ध हुनेछ । तर म वृद्ध भइसकेकाले यो बालक बुद्ध भएको मैले हेर्न पाउँदिन ! त्यसैले म रोएको हुँ ।"

## बोधिसत्त्वको नामाकरण

राजदरबारमा पाँचौं दिनमा राजकुमारको नामाकरणका लागि भव्य समारोहको आयोजना गरियो । समारोहमा निमन्त्रणा गरिएका एकसय आठजना ब्राह्मणहरू नक्षत्र र शरीर-लक्षणबारे प्रकाण्ड विद्वान् थिए । राजाले आफ्नो छोराका लागि सुहाउँदो नाम राखिदिन ती विद्वान्हरूसित प्रार्थना गरे ।

समारोहमा उपस्थित विद्वान्हरूमध्ये आठजनाले राजकुमारको शरीर-लक्षणको अध्ययन गरी "राजकुमार पुण्यवान् छन् !" भन्ने कुरो यकीन गरे । तीमध्ये सात जनाले दुइवटा औंला ठड्याई, "राजकुमार प्रव्रजित भए बुद्ध हुने, प्रव्रजित नभए चक्रवर्ती राजा हुने" भविष्यवाणी गरे ।

आठजनामध्ये सबैभन्दा कान्छो कोण्डन्य ब्राह्मणले चाहिँ, एउटै मात्र औंला ठड्याई "यो राजकुमार प्रव्रजित नै हुनेछ र उनी सारा संसारको शास्ता बुद्ध नै हुनेछन् ।" भनी

आफ्नो भनाइलाई दृढतापूर्वक राखे ।


गृहस्थी वा प्रव्रजित जे भए पनि राजकुमारले लोकको सर्व अर्थ सिद्ध गर्ने भएकोले उनीहरू सबैले एकमत भई 'सिद्धार्थ' भनी राजकुमारको नामकरण गरे ।

## महामाया देवीको स्वर्गारोहण

सिद्धार्थ कुमार जन्म भएको सातौं दिनमा रानी महामायादेवी परलोक भइन् । यो दुःखको कुरा हो । अनि बालक राजकुमारको पालन पोषणको काम सानीआमा प्रजापति गौतमीले गरिन् ।

## धान रोप्ने मंगल उत्सव

समय बित्दै गयो । कपिलवस्तुमा धान रोपाँइको मङ्गल उत्सव आयो । राजा शुद्धोदन राजपरिवारसँगै र दरबारका सबै कर्मचारीलाई साथ लिई रोपाँइ गर्ने मङ्गलोत्सवमा सामेल हुन गएका थिए । त्यो दिन उनीहरूले राजकुमार सिद्धार्थलाई पनि खेतमा लिएर गएका थिए । उत्सवको थलोमा पुगेपछि राजा शुद्धोदन आफ्ना कर्मचारीहरूसित खेत जोत्ने काममा लागे । राजकुमारलाई ठूलो रूखको छहारीमा सुताइएको थियो । राजकुमारको हेरविचार गर्ने दासीहरू पनि राजकुमार मस्तसित निदाइरहेकोले उनलाई एक्लो छाडेर रोपाइँ हेर्न गए । सिद्धार्थ बिउँझँदा त्यहाँ कोही थिएनन् । अनि उनी पलेंटी कसेर श्वासप्रश्वास अर्थात् श्वास भित्र पसेको र बाहिर गएको प्रक्रियामै लिन भएर ध्यान गरी बसे । यस्तो ध्यानलाई 'आनापानसति' ध्यान भनिन्छ ।



सिद्धार्थको हेरविचार गर्ने सेविकाहरूले उत्सव हेर्दा-हेर्दै सिद्धार्थलाई एक्लै छोडेर आएको कुरा झसंग सम्झेर तुरुन्तै फर्किए । त्यसबेला तिनीहरूले सिद्धार्थलाई रूखको छाँयामुनि आँखा चिम्लेर पलेंटी मारी

ध्यानमग्न भएर बसिरहेको देखे । सिद्धार्थको त्यो दृश्य देखेर सेविकाहरू आश्चर्य चकित भए । तिनीहरूले यो कुरा राजा शुद्धोदनकहाँ पुऱ्याए । राजा शुद्धोदन आफैँ तुरुन्त त्यहाँ आए र साँच्चै राजकुमारलाई ध्यानमा रहेको देखेपछि राजा शुद्धोदनले आफ्नो छोरालाई वन्दना गरे । यो शुद्धोदन महाराजाको द्वितीयबार पुत्रवन्दना हो ।

## बाल्यकाल

सिद्धार्थ बाल्यकालदेखि नै सबैका प्रिय थिए, त्यसैले उनका धेरै साथी थिए । तिनमा कोही क्षत्रीय, कोही ब्राह्मण, अनि कोही राजकर्मचारीहरूका छोराहरू थिए । सिद्धार्थले आफ्ना थरीथरीका ती साथीहरूमा कसैलाई भेदभाव नगरी सबैसित समान व्यवहार गर्थे ।

## शिल्प अध्ययन

सिद्धार्थ हुर्किंदै गए, शिल्पहरू सिक्ने बेला आयो । शुद्धोदन राजाले यस कामको जिम्मा पण्डित 'सब्बमित्त'लाई दिए । उनीबाट नै भाषा, विज्ञान, त्रिवेद र व्याकरण - यी चार विद्या सिके । योग विद्याचाहिँ उनले भारद्वाजबाट पाएका थिए ।

## राजहंस कथा


सिद्धार्थको बाल्यकालको एउटा घटना उल्लेखनीय छ । त्यस घटनाको कुराले सिद्धार्थ कतिसम्म दयालु र करुणावान् थिए भन्ने कुरा बुझ्न सकिन्छ । त्यो घटना सिद्धार्थ बाह्र वर्षको हुँदाको थियो । त्यो दिन सिद्धार्थ आफ्ना मामाका छोरा भाइ देवदत्तसित जङ्गलमा घुमिरहेका थिए । आकाशमा उडिरहेको हाँसलाई देख्ने बित्तिक्कै देवदत्तले तुरुन्तै वाँण छाडिहाले । आकाशमा उडिरहेको त्यो बिचरो हाँस घाइते भएर तल जमिनमा खसेर छट्पटिन थाल्यो । त्यसपछि दुवै जना हाँस लिन दगुरे । सिद्धार्थ छिटो दगुर्नसक्ने भएकाले उनले हाँसलाई पहिले लिए र त्यसलाई



अंगालो हाले । हाँसको शरीरबाट बाण निकाली घाउमा मल्हम-पट्टि लगाइदिए । एकछिन पछि देवदत्त पनि आइपुगे र उनले सिद्धार्थसँग हाँस मागे । सिद्धार्थले हाँस दिन मानेनन् । देवदत्तले त्यो हाँस आफूले वाँण हानेर खसालेकोले आफूले नै पाउनुपर्ने भनी जिकिर गरे । सिद्धार्थले पनि पहिले आफूले लिएर बचाएको हुनाले आफूसँगै राख्न पाउनुपर्ने तर्क राखे । दुवैका बीच भनाभन हुन थाल्यो । दुवैले आ-आफ्नो ढिपी नछाड्ने भएपछि दुवै जना न्यायाधीशकहाँ पुगे ।

निकै बेरसम्म सोचविचार गरिसकेपछि न्यायाधीशले फैसला सुनाए, "कुनै पनि प्राणीमाथि मार्नेको भन्दा बचाउनेको बढी अधिकार रहन्छ । त्यसैले हाँसमाथिको अधिकार हाँसलाई मार्न खोज्नेसित भन्दा त्यसलाई बचाउन खोजेका सिद्धार्थसित रहन्छ, त्यसमा देवदत्तको कुनै हक लाग्दैन ।" त्यसपछि सिद्धार्थले त्यस हाँसलाई आफूसितै राखे र उपचार गरेर निको तुल्याइसकेपछि स्वतन्त्र छाडिदिए ।

## विवाह मंगल



विद्या र शिल्पको क्षेत्रमा पारंगत भई सिद्धार्थ सोह्र वर्षको उमेर पुगेपछि राजा शुद्धोदनले कपिलवस्तुको राज्यभार सिद्धार्थलाई नै सुम्पने व्यवस्था मिलाउनेतिर लागे । राजदरबारको सुख ऐश्वर्यतिर सिद्धार्थको मन ढल्किने वातावरण बनाउन विशेष ध्यान दिइयो । उनका लागि रम्य, सुरम्य र शुभ नाउँका ऋतु अनुसारका तीन राजमहलहरूको निर्माण गरियो । दरबारमा नाच्ने र गाउने केटीहरू पनि नियुक्त गरिए ।


यसका साथै सिद्धार्थको विवाह देवदह नगरका सुप्रबुद्धकी छोरी यशोधरासित सम्पन्न भयो । यशोधरालाई 'गोपा' र 'बिम्बा' पनि भन्ने गरिन्छ ।


## चार निमित्त

एक दिन सिद्धार्थ आफ्ना सारथी छन्दकसँग शहर डुल्न गएका थिए। त्यसबेला सिद्धार्थ उनन्तीस वर्ष पुगेका थिए। बाटोमा उनीहरूले एक जना बृद्ध मानिसलाई देखे। ती मानिसको









कपाल सेताम्य फुलेको थियो भने अनुहार चाउरिएको थियो। उनी साह्रै दुर्बल देखिन्थे। उभिंदा पनि उनको सिङ्गो जिउ काँपिरहेको थियो। आफ्नो खुट्टाले टेकी उभिनसम्म पनि नसक्ने उनी लौरो टेकेर थरथर काम्दै बल्लतल्ल हिँडिरहेका थिए। उनका आँखा पनि साह्रै कमजोर देखिन्थे। तिनलाई देख्दै गर्दा सिद्धार्थको मनमा दुःख लागेर आयो। उमेर पुगेपछि आफू पनि उस्तै हुनेछु भन्ने कुरा मनमा आएपछि उनको शरीर सिरिङ्ग भयो। मन खिन्न भएकोले सिद्धार्थलाई घुम्न जान मन लागेन। अनि तुरुन्तै दरबारमा फर्किए। दरबारमा फर्केपछि पनि ती बृद्ध मानिस उनको आँखामा झलझली आइरह्यो।

अर्को एक दिन पनि घुम्न जाँदा उनले एकजना रोगीलाई देखे। रोगी मानिस बाटोछेउमा बसेर "ऐया ! ! ऐया !" भन्दै कराइरहेको थियो । त्यस दुःखदायी दृश्यले उनलाई नराम्ररी चिमोट्यो । उनी त्यसभन्दा पर डुल्न जानै सकेनन् र उल्टिखेरै दरबारमा फर्के ।

फेरि अर्को एकदिन बाहिर डुल्न जाँदा उनले एउटा शव लगिरहेको देखे । मलामी गएकाहरू रुँदै कराउँदै गइरहेका थिए । मर्न कोही चाहँदैनन् , तर पनि मानिस मर्नुपर्छ । बाँचिरहेकाहरूले मर्नुपर्ने कुरा बिर्सन खोज्छन्, तर जति बिर्से पनि आखिर मर्नै पर्छ भन्ने ज्ञान उनले पाए । यो देखेर पनि उनको मन झसङ्ग भयो र उनी नडुलीकनै फर्के ।

उनका आँखा अगाडि ती दृश्यहरू फनफनी घुमिरहे । त्यसबाहेक उनले अरू कुरा देख्तै देखेनन् । आँखा चिम्म गरेपनि आँखाभित्रका आँखाले तिनै दृश्यहरु मात्र देखिरहे । वास्तवमा तिनका कारणले उनी साह्रै भावुक भए । उनको मन नाच, गान र अरू सांसारिक कुरामा पटक्कै गएन ।

दरबार चहकिलो थियो, तर सिद्धार्थको अनुहार अँध्यारो थियो । उनको मनमा शान्ति थिएन । त्यसैले उनी दरबारमा बसिरहन सकेनन् र बाहिर घुम्न गए । यस पालि उनले एकजना सन्यासीलाई देखे । सन्यासी शान्त-स्वभाव र आनन्दको देखिन्थ्यो । सिद्धार्थलाई पनि त्यस्तै स्थिर र शान्त स्वभावको हुन मन लाग्यो ।

सन्यासीलाई देखेर आनन्दित मन लिएर सिद्धार्थ बगैंचामा पुगे। त्यहीं दिनभरी रमाएर उद्यान क्रीडा गरिरहे ।

## राहुल कुमारको जन्म

गृहस्थी-जीवनबाट टाढा प्रव्रजित जीवन बिताउने विचार लिएर रमाइरहेका थिए सिद्धार्थ ।  उनको मनमा गृहत्याग गर्ने विचार आइरहेको थियो। त्यस्तै बेलामा यशोधराका गर्भबाट राहुलको जन्म भएको खबर सुनाउन राजा शुद्धोदनले दूत पठाए। सिद्धार्थलाई दूतले यशोधराबाट पुत्रको जन्म भएको खबर सुनायो। खबर सुनेपछि आफू गृहस्थी जीवनमै फँस्ने पो हुँ कि भनी सिद्धार्थ हच्किए। त्यसकारण सिद्धार्थले भने, "राहु उत्पन्न भएछ !" यो कुरा सुनेर शुद्धोदन राजाले आफ्नो नातिलाई 'राहुल' भनी नामकरण गरे ।

## नर्तकीहरूको विकार

सिद्धार्थ दरबारमा पुगे। शुद्धोदन राजालाई सिद्धार्थको मनको स्थितिबारे थाहा भइसकेको थियो । त्यसैले उनले सिद्धार्थलाई गृहस्थीमै रम्न दिन नाच-गानको व्यवस्था गरे । उनले राम्रा राम्रा नर्तकीहरूलाई नाच्ने, गाउने काममा लगाए, तर सिद्धार्थको मन त्यतातिर अलिकति पनि आकर्षित भएको थिएन। उनले ती नाच्नेहरूलाई देखेकै थिएनन् , बरु उनका आँखा बन्द रहँदा समेत संसारलाई हेर्ने र बुझ्ने नयाँ दृष्टि आइरहेको थियो । डुल्न जाँदा देखेको बृद्ध, रोगी र शव, अनि सन्यासी नै मात्र उनको आँखाले झलझली देखिरहेको थियो । गायकहरूको गीत सुनेकै थिएनन्, बरु उनका कान वरिपरि रोगी र दुःखीहरूको पीडादायी आवाज मात्र गुन्जिरहेको थियो। वास्तवमा उनी गृहस्थी जीवनबाट मुक्त हुने बाटोको खोजीमा थिए। दरबार छाडेर जाने अवसर खोजिरहेका थिए। त्यहाँ नर्तकीहरू नाच्दै थाके, र गायकहरू पनि गाउँदा गाउँदै थाकेर सुते । तर सिद्धार्थ आफ्नै धूनमा थिए, बिचारमग्न र सजग थिए । सबै थाकेर सुतेपछि सिद्धार्थ बिस्तारै उठे र यताउता नर्तकीहरूको विकार रूप देखे। त्यसबेला कोही उत्तानो त कोही घोप्टा परेर सुतेका त कोही निद्रामा बरबराइरहेका, कोही रोइरहेका, कोही हाँसिरहेका त कोही निद्रामै ट्वाल्ल परिरहेका थिए। नर्तकीहरूको एउटाको टाउको अर्काको शरीरमाथि त एउटाको खुट्टा अर्काको टाउकामाथि थिए भने कसैकसैको लगाएको वस्त्र समेत शरीरमा थिएन, मानौं संग्राममा मरेका यत्रतत्र लाशहरू जस्तै नर्तकीहरू छरिएका थिए।

## महाभिनिष्क्रमण

सबैजना थाकेर सुतेपछि सिद्धार्थ बिस्तारै उठे र यताउति हेरे । आफूले खोजिरहेको मौका यही हो भनी ठाने। सिद्धार्थ आफ्नो निर्णयमा दृढ थिए, तर आफैले लिएको निर्णय नै किन नहोस्, त्यसलाई दृढ संकल्पका साथ पूरा गर्नु गाह्रो पनि त थियो। दरबारको वैभव, आराम र सेवा, अनि आफ्ना परम पूज्य आमा बुबा, प्रिय पत्नी र पुत्र सबैलाई त्याग्नु सजिलो काहाँ हुन्थ्यो र !





सिद्धार्थ बिस्तारै खाटबाट ओर्ले। सुतेकाहरू बिउँझेलान्, रोईकराई गर्लान्, अनि आफ्नो बाटो छेक्लान् भनी आवाज नआउने गरी बिस्तारै पाइला सार्दै कोठा बाहिर निस्के । छोरा राहुलकुमारलाई काखीच्यापी सुतिरहेकी यशोधरालाई विस्तारै एक पाइला कोठाभित्र टेकेर टाढैबाट हेरे । त्यसपछि आफ्नो सारथी छन्दकसँग कन्थक घोडा लिएर दरबारबाट बाहिर निस्के । त्यो आषाढ पूर्णिमाको मध्यरात थियो । पूरै धरती पूर्ण चन्द्रको ज्योतिले लिपेको झैं जगमगाइरहेको थियो । त्यो सिद्धार्थको महाभिनिष्क्रमणको क्षण थियो ।

**शब्दार्थ**

प्रव्रज्या : भिक्षु हुने, सन्यासी हुने, ऋषि हुने, दरबार छाड्ने, गृहस्थी छाड्ने कार्य

बोधिसत्व : भविष्यमा बुद्ध हुने व्यक्ति

अन्धविश्वास : सोधनी बुझनी नगरीकनै, विवेकबुद्धिहीन भई विश्वास गर्ने, गलत विश्वास

महाभिनिष्क्रमण : बोधिसत्त्वहरूद्वारा बुद्ध हुन गृहत्याग गर्ने कार्य

नक्षत्र : ग्रह नक्षत्र

पञ्चाङ्ग : पाँच अंगले युक्त (टाउको, दुई हात, दुई खुट्टा)

गृहस्थी : बालबच्चाहरूसहित सपरिवार घरमा रहि जीवनयापन गर्ने

लावालस्कर : राम्रो र भलो चिताउने धेरै मानिसहरुको हुल

प्रसवव्यथा : बच्चालाइ जन्म दिने बेलामा आमालाई हुने छटपटि र पीडा

जाज्वल्यमान : अनुहारदेखि शरीरसम्म सबैतिरबाट उज्यालो प्रकाश आउने

प्रकाण्ड : धेरै नै ज्ञान भएको

पुत्रवन्दना : भगवानलाई जस्तै गरि छोरालाई श्रद्धा र आदर गर्नु

राज्यभार : देश चलाउन गरिने कामको जिम्मेवारी

## अभ्यास

**१. खाली ठाउँमा मिल्ने शब्द राखी वाक्य पूरा गर्नुहोस् ।**

क. आजभन्दा छब्बीस सय वर्षअघि ............................................. भन्ने एउटा राज्य थियो । (लुम्बिनी, कपिलवस्तु)

ख. यो बालक ............................................. लक्षणले पूर्ण छ । (बत्तीस, चौंतीस)

ग. सिद्धार्थकुमार ............................. भए । एक दिन छन्दकसँग डुल्न गए । (बीस वर्ष, उनन्तीस वर्ष)

घ. सिद्धार्थले विस्तारै शिर उठाएर हेर्दा सबै .................................... । (कराउँदै थिए, सुतिरहेका थिए)

**२. तल दिइएका शब्द राखी वाक्य बनाउनुहोस् ।**

१. सिद्धार्थ २. लुम्बिनी ३. राहुल ४. बूढो ५. रोगी

**३. प्रश्नको उत्तर दिनुहोस् ।**

क) बोधिसत्व गर्भमा प्रवेश गरेको मध्य रातमा महामाया देवीले कस्तो स्वप्न देखिन् ?

ख) सिद्धार्थको जन्म कुन बारमा भएको हो ?

ग) सिद्धार्थलाई हेरी असित ऋषि किन हाँसे ?

घ) शुद्धोदन महाराजाले प्रथमबार र द्वितीयबार पुत्र-वन्दना कहिले-कहिले गरे ?

ङ) सिद्धार्थलाई कति वर्षमा, कोसँग विवाह गराइदिए ?

च) सिद्धार्थलाई शुद्धोदन राजाले कतिवटा दरबार बनाइदिएका थिए ? ती दरबारहरूको नाउँ के के हो ?

छ) सिद्धार्थले एक दिन डुल्न जाँदा कस्तो बृद्ध मानिसलाई देखे ?

ज) सिद्धार्थले कुन उमेरमा महाभिनिष्क्रमण गरेका थिए ?

झ) बोधिसत्त्व जन्मेको कतिऔं दिनमा महामायादेवीको स्वर्गारोहण भएको थियो ?

### ४) सही उत्तरमा ठीक ( √) चिनो लगाउनुहोस् ।

क) सपनामा रानी महामायादेवीले कुन जनावर देखेकी थिइन् ?

| | |
|---|---|
| १) सेतोहात्ती | २) कालो हात्ती |
| ३) सेतो घोडा | ४) कालो घोडा |

ख) बालक सिद्धार्थलाई सबैभन्दा पहिला वन्दना गर्ने को थिए ?

| | |
|---|---|
| १) राजा शुद्धोदन | २) मायादेवी |
| ३) असित ऋषि | ४) यशोधरा |

ग) नामाकरण गर्न बोलाइएका आठ जना ब्राह्मणमध्ये सबभन्दा कान्छो ब्राह्मण को थियो ?

| | |
|---|---|
| १) कोण्डन्य | २) अस्सजित |
| ३) देवदत्त | ४) भद्दिय |

घ) धान रोपाइँको मंगल उत्सवमा राजकुमार सिद्धार्थले कस्तो ध्यान गरेका थिए ?

| | |
|---|---|
| १) विपश्यनाध्यान | २) श्वासप्रश्वासलाई हेर्ने ध्यान |
| ३) श्वासप्रश्वासलाई रोक्ने ध्यान | |

ङ) यी मध्ये ४ निमित्तभित्र कुन पर्दैन ?

| | |
|---|---|
| १) बूढो | २) रोगी |
| ३) सन्यासी | ४) नर्तकी |

च) सिद्धार्थ राजकुमारका एक मात्र सन्तानको नाम के थियो ?

| | |
|---|---|
| १) राहुल | २) राहु |
| ३) नन्द | ४) देवदत्त |

### ५) जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| शुद्धोदन | जन्म दिने आमा |
| महामायादेवी | सर्व अर्थ सिद्ध गर्ने |
| प्रजापति गौतमी | कपिलवस्तुका राजा |
| सिद्धार्थ | सिद्धार्थका भाई |
| देवदत्त | पालनपोषण गर्ने आमा |

### ६) सामूहिक क्रियाकलाप

राजहंसको घटना कल्पना गर्नुहोस् । तपाईहरूमध्ये कोही एकजना सिद्धार्थ, एकजना देवदत्त र एकजना न्यायाधीश भएको कल्पना गरी कक्षामा अभिनय गरी प्रस्तुत गर्नुहोस् ।

8

अध्याय

# चित्त शुद्धता

## पाठ १

## ध्यानको परिचय

### ध्यान के हो ?

हाम्रो मन एकदम चञ्चल छ, स्थिर छैन । ध्यान भन्नाले हाम्रो यो चञ्चल मनलाई एकाग्र गर्ने, स्थिर गर्ने तथा चित्त शुद्ध गर्ने अभ्यास हो । ध्यान गर्नाले मन नियन्त्रित हुन्छ र यसले मनलाई एकाग्र बनाउँछ । ध्यानले मनमा उत्पन्न हुने लोभ, रिस, ईर्ष्या जस्ता मयल अर्थात फोहर कुरालाई पन्छाएर मनलाई शुद्ध पार्छ ।

### ध्यान कसरी बस्ने ?

ध्यान बस्ने ठाउँ शान्तमय हुनुपर्छ । ध्यान बस्दा आफूलाई जसरी सजिलो हुन्छ त्यसरी पलेटी मारेर बस्नुपर्छ। ढाड सीधा राखेर आरामसित बस्नुपर्छ । बायाँ हत्केला माथि दायाँ हत्केला राख्नुपर्छ । आँखा हलुकासँग बन्द गरेर बस्नुपर्छ । त्यसपछि श्वास भित्र आएको र बाहिर गएकोमा ध्यान दिनुपर्छ । भित्र आइरहेको श्वासलाई भित्र आइरहेको छ भनेर थाहापाउने र बाहिर गइरहेको श्वासलाई बाहिर गइरहेको छ भनेर थाहा पाउनुपर्छ । मन यताउति गएमा फेरि श्वासमा केन्द्रीत पार्नुपर्छ । यसरी पटक-पटक प्रयास गरेपछि मन श्वास-प्रश्वास प्रक्रियामा एकाग्र हुन थाल्छ । श्वास प्रश्वास प्रक्रियामा मन एकाग्र गर्ने ध्यानलाई आनापान ध्यान भनिन्छ ।



श्वास प्रश्वाससँग सम्बन्धित पेटमा होश राखेर पनि ध्यान बस्न सकिन्छ । श्वास

लिँदा पेट फुल्छ र स्वास छोड्दाखेरि पेट सुक्छ । पेट फुल्दाखेरि फुल्दैछ र पेट सुक्दाखेरि सुक्दैछ भनी थाहा पाउनुपर्छ । यदि पेट फुलेको र सुकेको स्पष्ट छैन भने पेटमा हत्केला राखेर अभ्यास गरे पनि हुन्छ। पेट फुलेको र सुकेको प्रक्रियालाई हेर्दाहेर्दै मन बाहिर गएमा मन बाहिर गयो, मन बाहिर गयो भनी सम्झनुपर्छ । पछि फेरि बाहिर गएको मनलाई पेटमा राखी पेट फुलेको र सुकेको प्रक्रियामा स्मृतिपूर्वक हेर्नुपर्छ। यसरी पटक-पटक प्रयास गरेपछि मन फुलेको र सुकेको प्रक्रियामा एकाग्र हुन थाल्छ ।

## किन ध्यान बस्नुपर्छ ?

मानिसको मन नै प्रमुख हो । मानिसले गर्ने जुनसुकै राम्रो वा नराम्रो कामको शुरू मनबाट नै हुने हो । त्यसैले मनलाई शुद्ध राख्नु अत्यन्त जरूरी छ । यो काम ध्यान बस्नाले मात्र सम्भव हुन्छ। ध्यान बस्नाले स्मरण शक्ति बलियो हुन्छ, पढाइमा तेज हुन्छ। ध्यानले विद्यार्थीहरूलाई आफ्नो पढाइमा र विविध कार्यमा एकाग्र हुन मद्दत गर्छ । जसरी शरीर बलियो बनाउन दुई/तीन छाक खाना खानुपर्छ, त्यसरी नै मन बलियो बनाउन ध्यान बस्नु आवश्यक छ। ध्यान बस्नाले हाम्रो सबै काम व्यवस्थित, प्रभावकारी हुन थाल्छ र हामी सफल हुन्छौं ।

### शब्दार्थ

चञ्चल : एकै छिन पनि नचली नवस्ने

शुद्ध : फोहर अथवा दाग नलागेको

विविध : विभिन्न, धेरै किसिमका

## अभ्यास

१. **प्रश्नको उत्तर दिनुहोस् ।**

क. ध्यान भनेको के हो ?

ख. हामी किन ध्यान बस्नुपर्छ ?

नोटः परियत्ति कक्षा शुरु गर्न अगाडि ठूलो विद्यार्थीहरूलाई कम्तिमा पाँच मिनेट ध्यान बस्न सिकाउनुहोस्। अनि हप्ताको एकचोटि कोठामा आधा घण्टा ध्यान गर्न लगाउनुहोस्।

५

अध्याय

# ज्ञानका विविध पाठ

## पाठ १

## धम्मपदका गाथाहरू

### धम्मपद गाथा

"धम्मपद" भगवान् बुद्धको महत्वपूर्ण उपदेशहरू एकै ठाउँमा संकलन गरिएको ग्रन्थ हो । यो हाम्रो जीवनमा अत्यन्त उपयोगी छ । पालि भाषामा भएका केही गाथाहरू र त्यसको अर्थहरू स्मरण गर्नुपर्दछ ।

१. **सब्बपापस्स अकरणं-कुसलस्स उपसम्पदा ।**
**सचित्तपरियोदपनं-एतं बुद्धानसासनं ॥**

अर्थ:

कुनै पनि पाप कर्म नगर्नु, कुशल कर्म गर्नु ।
आफ्नो चित्तलाई शुद्ध गर्नु-यही नै बुद्धहरूको शिक्षा हो ॥

२. **अभिवादनसीलिस्स-निच्चं वुड्ढापचायिनो ।**
**चत्तारो धम्मा वड्ढन्ति-आयुवण्णो सुखंबलं ॥**

अर्थ :

अभिवादन गर्ने स्वभाव हुने, र सधैं वृद्धहरूको सेवा सुश्रूषा गर्ने ।
यी व्यक्तिको चार थोक बढ्दछ- आयु, वर्ण, सुख र बल ॥

३. **यथापि रुचिरं पुप्फं-वण्णवन्तं अगन्धकं ।**

**एवं सुभासिता वाचा-अफला होति अकुब्बतो ॥**

अर्थ :

जसरी बास नआउने फूल सुन्दर भए पनि निष्फल हुन्छ,
त्यसरी क्रियाहीन कुरा पनि निष्फल हुन्छ ॥

४. **यथापि रुचिरं पुप्फं-वण्णवन्तं सुगन्धकं ।**

**एवं सुभासिता वाचा-सफला होति सकुब्बतो ॥**

अर्थ :

बास आउने र सुन्दर पनि भएको फूलको कदर भए झैं
क्रियायुक्त कुरा सफल हुन्छ ॥

## अभ्यास

१. **खालि ठाउँमा भरेर गाथा पूरा गर्नुहोस् ।**

क. यथापि रुचिरं पुप्फं..........अफला होति अकुब्बतो ॥

ख. अभिवादनसीलिस्स..........आयुवण्णो सुखंबलं ॥

२. **तलको गाथाको अर्थ लेख्नुहोस् ।**

**सब्बपापस्स अकरणं-कुसलस्स उपसम्पदा ।**

**सचित्तपरियोदपनं-एतं बुद्धान सासनं ॥**

पाठ २

# पवित्र बौद्ध स्थलहरू

भगवान् बुद्धले कुशीनगरमा शालवृक्षमुनि अन्तिम शैय्यामा रहनुहुँदा उहाँले यी चार संवेजनीय स्थलहरूबारे उपदेश दिनुभएको थियो ।

त्यो ठाउँ जहाँ तथागत उत्पन्न (जन्म) हुनुभयो, श्रद्धालुजनको निमित्त दर्शनीय स्थान हुनेछ । त्यो ठाउँ जहाँ तथागतले सम्यक्सम्बुद्धत्व प्राप्त गर्नुभयो, श्रद्धालुजनको निमित्त दर्शनीय स्थान हुनेछ। त्यो ठाउँ जहाँ तथागतले अनुत्तर धर्मचक्र प्रवर्तन (प्रथम धर्म उपदेश) गर्नुभयो, श्रद्धालुजनको निमित्त दर्शनीय स्थान हुनेछ। त्यो ठाउँ जहाँ तथागत अनुपादिशेष निर्वाणधातुद्वारा परिनिर्वाण हुनुभयो, श्रद्धालुजनको निमित्त दर्शनीय स्थान हुनेछ ।

तथागत जन्मिनुभएको ठाउँ लुम्बिनी हो। सम्यक्सम्बुद्धत्व (बोधिज्ञान) प्राप्त गर्नुभएको ठाउँ बुद्धगया (बोधिगया) हो । त्यस्तै धर्मचक्रप्रवर्तन गर्नुभएको ठाउँ सारनाथ हो । महापरिनिर्वाण हुनुभएको ठाउँ कुशीनगर (कुशीनारा) हो। यी चार संवेजनीय स्थानहरू – लुम्बिनी, बुद्धगया, सारनाथ र कुशीनगर सबै श्रद्धालुजनको निमित्त पवित्र स्थल हुन्, धार्मिक तीर्थस्थल हुन्। त्यसैले यी स्थलहरूलाई बौद्ध चारधामको रूपमा मानिँदै आएको छ। यी चारै स्थान श्रद्धालुजनको निमित्त दर्शनीय संवेजनीय स्थान हुन् ।

## १. लुम्बिनी

चार संवेजनीय स्थल मध्ये लुम्बिनी एक पवित्र स्थल हो । यो तथागत बुद्ध हुने बालक सिद्धार्थ जन्मिनुभएको पवित्र तीर्थस्थल हो । बुद्धको जन्मभूमि लुम्बिनीको नामबाट नै नेपालको यस अञ्चलको नाम पनि लुम्बिनी रहनगएको हो । बुद्ध जन्मिनुभएको ठाउँ भएर लुम्बिनी एक विश्व प्रसिद्ध धार्मिक स्थल हुन पुगेको छ ।

### धार्मिक महत्व :

करिब २६०० वर्षअगाडिको कुरा हो । त्यस समयमा कपिलवस्तु गणराज्यका राजा महाराज शुद्धोदन थिए । उनकी महारानी महामायादेवी कपिलवस्तुवाट आफ्नो माइतीघर देवदहतिर गइरहेकी थिइन्। बाटोमा पर्ने लुम्बिनीको प्राकृतिक सौन्दर्यले रम्य उद्यानमा एक छिन आराम लिनुभएकै बेला उनलाई प्रसवव्यथा भयो । त्यहींको एउटा सालको वृक्षमुनि



वैशाखपूर्णिमाका दिन बोधिसत्व सिद्धार्थको जन्म भयो । यो पवित्रस्थल लुम्बिनी हाम्रो देश नेपालमा पर्दछ । यो हामी नेपालीहरूको लागि ठूलो गर्वको विषय हो ।

### लुम्बिनीमा दर्शनीय स्थानहरू

#### १. अशोक स्तम्भ :

बुद्धको महापरिनिर्वाणको २३८ वर्षपछि भारतका महान् मौर्य सम्राट् अशोक स्वयम् यस स्थलको दर्शन गर्न आएका थिए । त्यहाँ सम्राट् अशोकले शिलास्तम्भ खडा गरेका थिए । त्यो स्तम्भ आज पनि अशोक स्तम्भ भनी प्रख्यात छ । सम्राट् अशोकले खडा गरेको शिलास्तम्भ एउटा ऐतिहासिक सम्पदा हो । स्तम्भको टुप्पोमा घोडा थियो तर टुप्पो टुक्रिएकोले अहिले घोडा रहेन । सम्राट अशोकले राखेको त्यो स्तम्भ ६.७ मिटर अग्लो छ । त्यस स्तम्भ अभिलेखमा ब्राह्मीलिपिमा 'बुद्ध जन्मिनुभएको ठाउँ यही हो' भनेर लेखिएको छ ।

अशोक स्तम्भमा 'हिदबुधेजाते सक्यमुनीति' अर्थात् 'यहाँ शाक्यमुनि बुद्ध जन्मिनुभएको थियो' र 'हिद भगवंजाते लुमिनिगामे उवलिकेकटे' अर्थात् 'यहाँ भगवांन् जन्मिनु भएकोले लुम्बिनी गाउँ बलिमुक्त (करमुक्त) गरे' भनि उल्लेख गरिएको छ ।

### २. मायादेवी मन्दिर :

नवनिर्मित मायादेवी मन्दिरभित्र भगवान् बुद्धले पहिलो पाइला टेक्नुभएको ठाउँमा मार्कर स्टोन देखिने गरी राखिएको छ । त्यसरी नै बुद्ध जन्मिनुभएको दृश्य अंङ्कित ढुङ्गाको प्रस्तर मूर्ति राखिएको छ । पुरानो मूर्ति खिइएर त्यसको आकार मात्र देखिन्छ । तलतिर उत्खनन् गरिएका तहहरू खुला रूपमा राखिएका छन् ।

### ३. पुष्करणी (पोखरी) :



अशोक स्तम्भको दक्षिणपट्टि एउटा पोखरी छ । त्यहाँ महामाया देवीले बोधिसत्व सिद्धार्थलाई जन्म दिनुभन्दा अगाडि नुहाएकी थिइन् । भनिन्छ, सिद्धार्थ जन्मेपछि सिद्धार्थलाई पनि यही पोखरीको पानीले नुहाइदिएकी थिइन् ।

### ४. पुरातात्विक भग्नावशेषहरू :

मायादेवी मन्दिरको दक्षिणमा पुरातात्विक भग्नावशेषहरू छन् । यहाँ भग्नावशेषका रूपमा ठूलाठूला ईटाहरूले बनेका जगहरू देखिन्छन् ।

### ५. विभिन्न राष्ट्रले बनाएका मन्दिर, विहारहरू, चैत्यहरू :

यहाँ जापान, कोरिया, जर्मनी, म्यान्मार्(बर्मा), थाइलैण्ड, चीन, भियतनाम, श्रीलंका आदि मित्रराष्ट्रहरूले आ-आफ्ना राष्ट्रिय पहिचानका कलासंस्कृति झल्किने मन्दिर, विहार र चैत्यहरू बनाएका छन् ।

## २. स्वयम्भू महाचैत्य

स्वयम्भू एक प्राचीन धार्मिक चैत्य हो । काठमाडौंको पश्चिममा रहेको डाँडामा यो चैत्य अवस्थित छ । यो चैत्य बौद्ध कलाको आकर्षण केन्द्र हो । यो चैत्यको निर्माण लिच्छविकालमा भएको कुरा इतिहासकारहरूले बताएकाछन्, तर स्वयम्भू पुराणमा वर्णन भए अनुसार यस चैत्यको निर्माण शाक्यमुनि बुद्धभन्दा अगाडि भएको थियो । यस चैत्य अवस्थित डाँडालाई गोपुच्छ पर्वत भनिन्छ । काठमाडौंका आदिवासी नेवारहरू दिनहुँ जस्तो



यस पवित्र स्थलमा दर्शन गर्न आउँछन् । यस चैत्यलाई परिक्रमा गर्न आउनेहरूको भीड लाग्ने गर्दछ । नेवारहरू बाहेक भोट सम्प्रदायका मानिसहरु पनि बौद्ध पछिको पवित्र स्थल स्वयम्भूलाई मान्छन् । यस चैत्यसंगै रहेको हारती माताको मन्दिर दर्शन गर्न बौद्धहरू बाहेक गैऱ्ह बौद्धहरू पनि उत्तिकै आउने गर्दछन् । यस स्वयम्भू परिसरभित्र धेरै स्मारकहरू विद्यमान छन् । ती सबै स्मारकहरू लिच्छविकालीन हुन् । त्यहाँ एउटा संग्रहालय र भोट सम्प्रदायका मानिसहरूको गुम्बा पनि रहेको छ । स्वयम्भू चैत्यको अर्धगोलाकार स्तुप माथि चारैतिर फर्केको आँखा, आँखिभौ र बीचमा घुम्रिएको आकार छ । यी प्रतिकहरू यस चैत्यको महत्वपूर्ण विशेषता हुन् ।

स्वयम्भू चैत्यसम्म पैदल उक्लने दुईवटा बाटा छन् । पूर्वपट्टिबाट करिब ४१४ सिढिं चढ्नु पर्दछ भने दक्षिणपट्टिबाट त्योभन्दा कम २५० जति मात्र सिढिं चढ्नु पर्दछ । दक्षिणपट्टिबाट यस स्थानबाट उक्लिंदा बसुबन्धु चैत्यमा आएर दुईवटा उक्लने बाटो भेटिन्छ । दाँयाबाट केही उक्लेपछि स्वयम्भू चैत्यमा पुगिन्छ भने बाँया तिरको सिढिं उक्लियो भने मञ्जुश्रीको मन्दिरमा पुगिन्छ ।

यस बाहेक दक्षिण तर्फबाट मैत्री गुम्बासम्म गाडी पुग्ने बाटो पनि छ । मोटर बाटो भएर आउँदा पनि बसुबन्धुको चैत्य भएको स्थानमा पुगिन्छ । यहाँबाट दाँयापटि स्वयम्भू महाचैत्यमा र पश्चिमको बाटो लाग्दा मञ्जूश्री मन्दिरमा पुगिन्छ ।

स्वयम्भू चैत्य उचाईमा अवस्थित भएकोले काठमाडौं, भक्तपुर तथा ललितपुर तिनै वटा जिल्लाहरुबाट देखिन्छ ।

स्वयम्भू चैत्यको अगाडिको सिढिंबाट उक्लेपछि सबभन्दा पहिला स्पर्श गर्न सकिने ठूलो वज्र छ भने यस महाचैत्यको पश्चिमतिर महामञ्जूश्रीको मन्दिर अवस्थित छ जसलाई प्रज्ञाको प्रतिकको रूपमा लिइन्छ ।

## स्वयम्भूको पौराणिकता

स्वयम्भू पुराण अनुसार काठमाडौं उपत्यका पहिलाको समयमा पूरै पानीले भरिएको दह थियो । त्यस दहमा विपश्वी बुद्धले कमलको फूल रोप्नुभएको थियो र त्यस कमलको फूलबाट ज्योतिरूप आफै उत्पन्न भएको थियो । त्यस ज्योतिलाई सुरक्षित राख्न ज्योतिलाई छोपी स्तुपको निर्माण गरिएको थियो, र यसैलाई स्वयम्भू चैत्य भनिएको हो ।

कालान्तरमा मञ्जुश्रीले यो ठाउँ बसोवासको लागि उपयुक्त हुने कुरा देख्नुभएकोले आफ्नो चन्द्रहास खड्गले चोभारको डाँडो काटेर यहाँको पानी बाहिर बगाउनु भयो । पानी बगेपछि यहाँ उर्बर भूमि बन्यो । यस क्षेत्रको बीचमा रहेको कमलको फूल ज्योतिरूप स्तुपमा परिणत भएको थियो ।

## स्वयम्भूको वास्तुकला

स्वयम्भू महाचैत्य स्तुप बास्तुकलामा आधारित छ । अर्धगोलाकारको गुम्बज माथि चारैतिर दुईवटा आँखा सहितको हर्मिका र त्यसमाथि पाँच कोणीय तोरण र त्रयोदशी भुवनको प्रतिकको स्वरूप तेह्र वटा चक्का र त्यसमाथि गजूर राखिएको छ । गुम्बजको चारैतिर पञ्चध्यानी बुद्धहरू मध्ये वैरोचन बाहेकका चार मूर्तिहरू राखिएका छन् । पूर्वमा अक्षोभ्य, दक्षिणमा रत्नसम्भव, पश्चिममा अमिताभ, तथा उत्तरमा अमोघसिद्धि रहेका छन् ।

**शब्दार्थ:**

पुरातात्विक : धेरै पुराना वस्तुहरू
भग्नावशेष : भत्केर बाँकी रहेका वस्तुहरू
विहार : भिक्षु तथा भिक्षुणीहरू बस्ने ठाउँ
पौराणिक : पुराणमा उल्लेख भएको अथार्त्, धेरै पुरानो, प्राचीन

वास्तुकला : घर वा मन्दिरहरूको निर्माणको संरचना
स्तम्भ : काठ वा ढुंगाको खम्बा
अभिलेख : केही लेखिएको, उल्लेख गरिएको
उत्खनन् : जमिनमुनि पुरिएर बसेको बस्तु निकाल्न जमिन खन्नु
कालान्तर : धेरै लामो समयपछि
वास्तुकला : घर, मन्दिर, आदि निर्माण गर्ने उपयुक्त कला

## अभ्यास

### १. तलका प्रश्नको उत्तर दिनुहोस्

क. भगवान् बुद्धले चार संवेजनीय स्थलहरूसम्बन्धी कसरी बताउनुभएको छ, लेख्नुहोस् ।

ख. सम्राट् अशोकले लुम्बिनीमा यात्रा गरी महत्वपूर्ण कार्यहरू के के गर्नुभयो ?

ग. अशोक-स्तम्भको अभिलेख कुन लिपिमा छ ? त्यसमा के उल्लेख गरिएको छ ?

घ. मार्कर स्टोनको महत्व के छ ? त्यो कहाँ राखिएको छ ?

ङ. स्वयम्भू पुराण अनुसार स्वयम्भू किन भनिएको हो ?

च. स्वयम्भू महाचैत्य कुन-कुन ठाउँबाट पुग्न सकिन्छ ?

### २. छोटकरीमा लेख्नुहोस्

क. लुम्बिनीको धार्मिक महत्व

ख. मायादेवी मन्दिर

ग. स्वयम्भूको बास्तुकला

### ३. तलको महत्वपूर्ण स्थलहरूबारे लेख्नुहोस् ।

क) मायादेवी मन्दिर

ख) पुष्करणी (पोखरी)

(लुम्बिनीमा कुन-कुन मित्रराष्ट्रहरूले आ-आफ्नो कला संस्कृति झल्किने गरी विहार, मन्दिर, चैत्य आदि बनाएका छन् ? शैक्षिक भ्रमणमा जाँदा ती ठाउँहरूको पनि अवलोकन गर्नुहोस् ।)

पाठ ३

# सरसफाई सम्बन्धमा बुद्धको शिक्षा

## पृष्ठभूमि

सरसफाई मानिसहरूको जीवनको महत्वपूर्ण कार्य हो । सरसफाईको अभावमा मानिसहरूको जीवनमा विभिन्न प्रकारका समस्याहरू आउन सक्दछन् । जीवनलाई स्वस्थ राख्न, निरोगी हुन सरसफाईको आवश्यकता हुन्छ। जीवन स्वस्थ भएमा मात्र मानव जीवनमा गर्नुपर्ने कर्तव्यहरू पूरा गर्न सकिन्छ । भगवान बुद्धले मानिसहरूको जीवनमा सबैभन्दा ठूलो लाभ भनेकै आरोग्य अर्थात् स्वास्थ्य हो भनेर उपदेश दिनुभएको छ। आरोग्यता प्राप्त गर्नका लागि उहाँले महत्वपूर्ण उपदेशहरू दिनुभएको छ । आफ्नो शरीर र आफू बसेको ठाउँ सफा राख्नु पर्ने, आफू मात्र नभएर अरुलाई पनि आवश्यक भएमा सरसफाई गरिदिनु पर्ने, जथाभावी फोहोर फाल्न नहुने, आदि महत्वपूर्ण सन्देश बौद्ध साहित्यमा उल्लेखित छन् । धूलो, धुँवा तथा विभिन्न प्रकारका मानवजन्य फोहोरहरूका कारणले वातावरणलाई नै प्रभावित गर्ने भएकाले वातावरण संरक्षणको लागि पनि ती फोहोरहरूको व्यवस्थापन गर्नु मानिसहरूको कर्तव्य हो भन्ने सन्देश बौद्ध साहित्यमा उल्लेखित छ ।

## भिक्षु संघको विनयमा सरसफाईलाई महत्व

सरसफाई वातावरण संरक्षणको लागि महत्वपूर्ण कार्य हो। बुद्धले सरसफाईलाई महत्व दिनु भएका कुराहरू बौद्ध साहित्यमा प्रशस्त पाईन्छन् । मानिसहरूको शरीरबाट निस्कने थूक, खकार, मलमूत्रहरू यथास्थानमा मात्र फाल्नु पर्ने कुरा बुद्धले विभिन्न नियम बनाएरै व्यवस्थित गर्ने प्रयास गर्नु भएको छ । भिक्षु तथा भिक्षुणीहरूले फोहोरलाई अव्यवस्थित रूपमा फालेर वातावरण प्रदुषित गर्न नहुने सम्बन्धमा विनय पिटकमा विभिन्न कडा नियमहरू बनाउनु भएको छ। भिक्षु र भिक्षुणीहरूले जथाभावी रूपमा थुक्न नहुने, मलमूत्र हरियो घाँस भएको ठाउँमा फाल्न नहुने, धुलो र फोहोरहरू झ्यालबाट फाल्न नहुने नियम बनाउनु भएको छ । विनयपिटकमा उल्लेखित ती नियमहरू भिक्षु तथा भिक्षुणीहरूलाई मात्र नभईकन गृहस्थीहरूका लागि पनि त्यतिकै मान्य छन्, किनभने जथाभावी थुक्ने कारणले मानिसहरूलाई संक्रमण हुने र विभिन्न रोग लाग्ने हुन सक्छ; मलमूत्रहरू जथाभावी फालेमा वातावरण दुर्गन्धित हुनगई पखाला तथा पेट सम्बन्धि धेरै रोग लाग्न सक्दछ; त्यस्तै

भ्र्यालबाट फोहोर फाल्दा बटुवाहरूलाई लाग्न सक्छ र जथाभावी फोहरहरू जम्मा हुन पुग्दछ, परिणामस्वरुप आफैले त्यसको नकारात्मक परिणाम भोग्नु पर्ने हुन्छ ।

## सरसफाईप्रति अग्रश्रावक सारिपुत्रको लगाव

बुद्धको अग्रश्रावक मध्येका एक सारिपुत्र महास्थविर प्रज्ञामा अग्रपद प्राप्त भिक्षु थिए । बुद्ध पछिका प्रज्ञावानको रूपमा उहाँलाई अनुबुद्ध भन्ने चलन पनि छ । त्यस्तो महान व्यक्तित्वले पनि भिक्षाटन जानुपूर्व संधै आफ्नो कोठामा आफैँले कुचो लगाएर र चर्पी सफा गरिसकेपछि मात्र बाहिर निस्कने गर्दथे । सारिपुत्रको यस कार्यलाई बुद्ध स्वयंले प्रशंसा गर्नु भएको थियो र सरसफाई गर्ने कार्य भनेको पुण्य आर्जन गर्नु सरह हो भनेर सरसफाई गर्न अरुलाई पनि प्रेरित गर्नुभएको थियो ।

## सफाईमा झर्को नमान्ने राहुलको स्वभाव

राहुल सिद्धार्थका छोरा हुन् जसलाई जन्मदैं सिद्धार्थले छोडेर गृहत्याग गरी जानुभएको थियो । बुद्धत्व प्राप्ति पश्चात कपिलवस्तुमा आउनुहुँदा राहुल सात वर्षका थिए । यहि उमेरमा उनलाई बुद्धको आज्ञाद्धारा श्रामणेर बनाइएको थियो । यसरी बालक अवस्थामा नै उनको प्रवजित जीवन शुरु भएको थियो । विहारमा उनलाई सरसफाईको काम दिइएको थियो । बुद्धको छोरा भएका कारणले कसैले उनलाई गौरव गर्थे भने कसैले उनलाई हैरान पार्ने काम पनि गर्थे । उनले सफा गरेर धुलो जम्मै बाहिर फालेर आएतापनि उनलाई हैरान गर्ने हेतुले केही भिक्षुहरूले फेरि धूलो ल्याएर बिहारमा छर्दिने गर्थे र राहुलले राम्ररी सर-सफाई नै गरेनन् भनेर कुरा काट्ने गर्थे । राहुलले त्यो धूलो फेरि ल्याएर छर्केको भनेर थाहा पाए पनि मेरो गल्ति भयो भनेर फेरि सफा गर्ने काम गर्ने गर्थे । यसरी बुद्धको छोरा भएर पनि पटक्कै अभिमान नभएका राहुललाई कालान्तरमा भगवान् बुद्धद्वारा शिक्षाकामीमा अग्रपदले सुशोभित गर्नुभएको थियो ।

## सरसफाई गर्नु पुण्यकार्य हो

भगवान बुद्धले सरसफाई गर्नु र कूचो लगाउनुलाई महत्वपूर्ण पुण्य कार्यको रूपमा लिनुभएको छ । विनयपिटकको परिवार पालिमा कुचो लगाउनुको आनिशंसको रूपमा यसरी वर्णन गरिएको छ–

१. आफू खुशी भइन्छ;

२. अरु खुसी हुन्छन्;

३. देवताहरूले मन पराउँछन्;

४. रूप राम्रो हुन्छ; र

५. मरण पछि सुगति प्राप्त हुन्छ ।

## हिलो सफा गरेको पूण्यले भूमि देवता भएको

अम्बसक्कर प्रेतवस्तुमा वैशाली नगरमा व्यापार गरिरहेका एकजना व्यापारीले आफ्नो पसल अगाडि जहिले पनि हिलो भइरहने भएकोले त्यस हिलोलाई पन्छाई सुगन्धित चूर्ण राख्नलगाई सफा गर्ने गर्दथे । यसबाट मानिसहरूलाई आवतजावत गर्न सहज भएको थियो । यसैको प्रतिफल स्वरूप उनको मृत्युपछि भूमि देवताको रूपमा जन्म भएको थियो । हिलो सफा गरेको पुण्यले उनको शरीर सुगन्धित थियो भने उनलाई चित्त वेगले दौडन सक्ने सेतो घोडा पनि प्राप्त भएको थियो ।

## सरसफाईलाई तल्लोस्तरको काम भन्ने मान्यता हटाउने बुद्धको प्रयास

सामान्यत सरसफाई गर्ने कामलाई सानो काम, वा कतै-कतै तल्लो स्तरको, फोहरी काम भनेर समाजले हेर्ने गर्दछ । सफाई गर्ने समुदायका व्यक्तिहरूलाई जातिपातिमा विभेद गर्ने समाजले तल्लो जातको रूपमा लिने गर्दछ । यस्तो धारणा बुद्धकालदेखि अहिले सम्म नै कायम छ । एक्काइसौं शताव्दीको यो वैज्ञानिक युगमा पनि मानिसहरूका लागि महत्वपूर्ण सरसफाई कार्यलाई तल्लोस्तरको कार्यका रूपमा गनिन्छ । विभिन्न कार्यालयमा तथाकथित माथिल्लो जातिका मानिसहरूले सफाई गर्ने कार्य गर्नु हुँदैन भन्ने मान्यता राखी त्यस्ता कार्यहरूबाट पन्छिन पुग्छन् । वास्तवमा सरसफाई भनेको सबैले गर्नुपर्ने महत्वपूर्ण कार्य हो ।

## सरसफाई गर्ने सुनीतलाई बुद्धको अनुकम्पा

यसै क्रममा बुद्धकालीन सुनीत भन्ने सरसफाई गर्ने व्यक्तिको प्रसंग यहाँ सान्दर्भिक हुन्छ । सुनीत भन्ने पोडे एकदिन विहान बाटोमा सरसफाई गरिरहेको अवस्थामा भगवान बुद्ध उनको नजिक पुग्नुभयो । भगवान् बुद्धलाई देख्नासाथ सुनीतले आफ्नो मुख फर्काइ अन्यत्र हेरेर बुद्धले नदेख्ने गरी बसिरहे । त्यसरी बसिरहेकोलाई बुद्धले किन अन्यत्र फर्केको भनी सोध्दा

“म सरसफाई गर्ने तल्लो जातिको पोडे हुँ र मेरो मुख हेर्‍यो भने अलच्छिन हुन्छ, त्यसकारण तपाइँलाई मुख नदेखाएको” भनी प्रत्युत्तर दिंदा बुद्धले उनलाई यस्तो धारणा ठिक छैन । सफाई गर्ने मानिसहरूको मुख हेर्दैमा अलच्छिन हुने होईन भनेर उसलाई आफ्नो कामप्रति गौरवको भावना अभिवृद्धि गराएका थिए । कालान्तरमा सुनीतलाई भिक्षुसंघमा पनि प्रवेश गराउनु भएको थियो । सुनीत भिक्षु भएर मिहेनत गरी अर्हत हुन सक्षम भएका थिए ।

बुद्धले यसप्रकार सरसफाईको काममा मानिसहरूलाई उत्प्रेरित गर्नु भएको थियो । सफाई गर्ने व्यक्तिहरू महान हुन्छन् भन्ने सन्देश दिनु भएको थियो । सफाईगर्ने काम भनेको समाज सेवा गर्नु हो र सफाई गर्ने काम इज्जतदार पेशा हो भनेर समाजले हेय दृष्टिले हेर्ने अनुचित परम्परालाई बुद्धले गलत मान्नु भएको थियो । बुद्धको यस उपदेशलाई स्वच्छ, स्वस्थ र शान्तिपूर्ण जीवनको लागि आवश्यक महत्वपूर्ण शिक्षाको रूपमा लिन सकिन्छ ।

### शब्दार्थ

| | | |
|---|---|---|
| आरोग्य | : | निरोगी हुनु, रोग विहीनता |
| विनय | : | नियम |
| अग्रश्रावक | : | प्रमुख भिक्षु |
| प्रज्ञा | : | विशेष ज्ञान |
| अभिमान | : | घमण्ड |
| कालान्तर | : | केही समय पछि |
| शिक्षाकामी | : | शिक्षा प्राप्त गर्न उत्सुक, शिक्षा पाउने कामना गरेका |
| अर्हत् | : | क्लेशबाट मुक्त, शुद्धचित्त भएका निर्दोष व्यक्ति |
| श्रामणेर | : | बीस वर्ष भन्दा कम उमेरका प्रव्रजित पुरुष |
| पेतवत्थु | : | प्रेतहरूको कथा संग्रहीत बौद्ध साहित्यको ग्रन्थ |
| मानवजन्य | : | मान्छेहरुको कारणले पैदा भएको |

## अभ्यास

**प्रश्नको उत्तर दिनुहोस् ।**

१. सरसफाई हाम्रो जीवनमा किन आवश्यक छ ?

२. विनयमा वातावरण सफा राख्नको लागि के-के गर्नु हुँदैन भनी नियम बनाइएको छ ?

३. बुद्ध स्वयंले सारिपुत्रलाई किन प्रशंसा गर्नु भएको थियो?

४. सरसफाईको आनिशंस वा प्रतिफल के के हुन् ?

५. एकजना व्यापारी के कारणले गर्दा देवता हुन पुगे ?

६. सरसफाईलाई किन नीच काम सम्झनु हुँदैन ?

७. बुद्धलाई देख्दा सरसफाई गर्ने सुनीतले कस्तो व्यवहार गऱ्यो ? र उसलाई बुद्धले के उपदेश दिनुभएको थियो ?

८. तपाईले वातावरण सफा राख्नको लागि घर, छिमेकी र विद्यालयमा के के गर्न सक्नुहन्छ ?

- समाप्त -